तेस्रो अध्याय

३. नेपाली साहित्यको विकासमा तुलसी 'अपतन'-ले गरेका साङ्गठनिक कार्यहरू

३.१ तुलसी 'अपतन' र 'अपतन साहित्य परिषद', सिक्किम

३.१.१ 'अपतन साहित्य परिषद'-का पृष्ठभूमिहरूः

(क) राजनैतिक पृष्ठभूमि

साहित्य-अध्ययन, साहित्यालोचन एवम् साहित्यको विकासमा सामाजिक, आर्थिक, भौगोलिक, ऐतिहासिक जस्ता पृष्ठभूमिका साथै राजनैतिक पृष्ठभूमि पनि उत्तिकै टड्कारो भएर देखा पर्ने गरेको पाइन्छ। किनभने उक्त सबै पृष्ठभूमिहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा राजनैतिक शक्तिद्वारा नियन्त्रित, सञ्चालित हुने गरेको पाइन्छ। राजनीतिले मानव जीवनलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ। साहित्य पनि मानव जीवन तथा समाजको उपज भएकोले साहित्य अध्ययनमा राजनैतिक स्थितिको चर्चा आवश्यक हुन आउँछ।

सिक्किममा 'अपतन'- काल (सन् १९४७) शुरू हुन अघि र त्यसताक सिक्किमे राजनैतिक वातावरणको अध्ययन गर्दा त्यहाँ जहानियाँ शासन तथा सामन्ती प्रथाको बोलबाला रहेको पाइन्छ। सन् १९४२ देखिको एकतन्त्री राजाहरूको शासनमा भूमिपति काजी र ठेकेदारहरूको अमानवीय शोषण नीतिले खोस्टिसकेका थिए सिक्किमका प्रजाहरू। यस सन्दर्भमा सन् १८२९ को फरवरी महिनामा दार्जीलिङ आएर सेनेटोरियमको निम्ति स्थानको छनोट गर्ने विषय सम्बन्धी चर्चा सम्बन्धमा मिस्टर लोयडले लेखेको एउटा पत्रका केही पङ्तिहरू पारसमणि प्रधानले उल्लेख गरेका छन् र ती पङ्तिहरूका माध्यमबाट त्यसबेलाको सिक्किमको राजनैतिक स्थिति दयनीय थियो भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ। जस्तै-''यो जग्गा हामीले लिएको

खण्डमा यहाँबाट भागेर जाने ठूला–साना रैतीहरू फर्केर आउनेछन्। सिक्किमको राज्यमा अत्यचार बढ़ेको हुनाले त्यहाँका राजाका अधीनमा एउटै लाप्चे पनि बस्लान् भन्ने जस्तो मलाई लाग्दैन।[१]

घरलौरी, करूवा, झारलाङ्गी, बेटी, कालो भारी जस्ता अमानवीय सामन्ती कुप्रथाहरूको जगजगी रहेको तत्कालीन सिक्किममा जनसाधरण एकातिर अज्ञानता, निरक्षरता, रूढ़ी, कुसंस्कारका अन्धकारमा थिए भने अर्कोतिर आर्थिक शोषणको सोझै शिकार भएर अधिकारहीन जीवन बिताउन बाध्य थिए। राजा–राजतन्त्रको मुकुट मात्र रहेकाले न्याय व्यवस्थामा सामन्तहरूको मनमानी थियो। वस्तुत: त्यसताक सिक्किमको राजनैतिक र सामाजिक स्थिति दयनीय रहेको जानकारी पाइन्छ। त्यति मात्र होइन त्यसताक भारतवर्षमा चलिरहेको पुनर्जागरण एवम् राजनैतिक आन्दोलनको हावा सिक्किममा प्रवेश हुन नदिन राजा र प्रशासनको भरमग्दुर प्रयास रहेको उल्लेख पनि पाइन्छ।[२]

सन् १९१४ मा थुटोब नामगेलको मृत्यु भएपछि उनकी जेठी रानीपट्टिका कान्दा छोरा सिदक्योङ टुल्कु राजा हुने बित्तिकै उनले सर्वप्रथम जमीन्दारी प्रथा हटाएर सिक्किमलाई सर्वसम्पन्न देश बनाउने बिचार लिएर काम गर्दागर्दै उनको शंकाजनक मृत्यु भयो।[३] सन् १९१४ को अन्तमा सिक्किमका एघारौं राजा हुने टासी नामग्याल पनि आफ्ना पूर्ववर्ती राजाकै कार्यलाई अघि बढ़ाउँदै सिक्किमको सामाजिक, आर्थिक, प्रशासनिक सुधारतर्फ सक्रिय रहे। यसरी सन् १९४४ सम्म आइपुग्दा राजकुमार पाल्देन थेण्डुप नामग्याल सिक्किम स्टेट काउन्सिलका अध्यक्ष नियुक्त भएका थिए। त्यसबेलासम्म सिक्किमका लेप्चा, भोटिया र नेपाली–तीन प्रमुख जातिका सिक्किमे जनताका प्रतिनिधिहरू शासनमा सरिक भइसकेका थिए भन्ने जानकारी पाइन्छ।[४]

अपतन साहित्य परिषद स्थापनाकालको सिक्किमको राजनैतिक पृष्ठभूमि केलाएर हेर्दा ईशाको बीशौं शताब्दीको पूर्वार्द्धमा घटित दोस्रो विश्वयुद्ध र साम्राज्यवादी अंग्रेजहरू बिरूद्ध भारतवासीहरूद्वारा शुरू भएर पराकाष्ठामा पुगिसकेको जनआन्दोलनको प्रभाव सिक्किममा पनि थेरथोर पर्न गएको बोध हुन्छ। फलस्वरूप त्यसताकसम्म प्रशासनिक अत्यचारले निमुखा भएका सिक्किमे जनमानसमा पनि राजनैतिक चेतना, आत्मबल, स्वतन्त्र हुने भावना र आकाङ्क्षा जागेको र त्यसको फलस्वरूप सिक्किममा स्टेट कांग्रेस, सिक्किम नेशनल

१–२. पारसमणि प्रधान, 'दार्जीलिङ जिल्लामा नेपाली भाषाको विकास', **भारती** (सम्पादक: रूपनारायण सिन्हा अनि पारसमणि प्रधान), वर्ष २, सङ्ख्या ८, प्रकाशक नगेन्द्रमणि प्रधान, दार्जीलिङ, फेब्रुअरी, १९५१, माघ २०५७, पृष्ठ ३६६.

३. **'हाम्रा संस्था: एक परिचय'** (सम्पादक: डा॰ मोहन पी॰ दाहाल), नेपाली साहित्य प्रचार समिति सिलगढ़ी, सन् १९९६, पृष्ठ १६.

४. तुलसीराम शर्मा 'कश्यप', **'सिक्किम हिजोदेखि आजसम्म'**, आँकुरा प्रकाशन, गान्तोक, सन् १९९६, पृष्ठ ८२.

पार्टी जस्ता राजनैतिक सङ्गठनहरूको स्थापना हुनसकेको पाइन्छ।

सन् १९४७ मा भएको जन-आन्दोलनमा जनहितको पक्षमा मागिएका माग जनताले प्राप्त गरेर बिजय हासिल गरेको अनुभव गरे सिक्किमे जनताले। ७ मई १९४७ को दिन सिक्किमको इतिहासमा एउटा महत्त्वपूर्ण दिन हुनगयो, किनभने त्यसै दिन श्री टासी छिरिङको मुख्य- मन्त्रित्वमा सिक्किममा सर्वप्रथम एउटा जनप्रिय सरकार गठन भयो र त्यसका पाँच सदस्यीय मन्त्रीमण्डलमा श्री रश्मिप्रसाद आले, श्री टासी छिरीङ, क्याप्टन दिमिक सिंह र श्री दोर्जी डाडुल चुनिए। तर २१ दिन पुग्दा-नपुग्दा नै त्यो जनप्रिय सरकार विघटित भएको अनि त्यसपछि भारत सरकारको सल्लाहअनुसार सार्वभौम शक्ति भारतको हातमा भएको सिक्किमको प्रशासन तत्कालीन पोलेटिकल अफिसर देवान जे० एस० लाललाई सुम्पिनु परेको तथ्य पाइन्छ। जे० एस० लाल बिस्तारै शासनमा आफ्नो पूर्ण अधिकार जमाएर सर्वेसर्वा हुन चाहेको पनि पाइन्छ।[५]

नामगेल वंशीय राजाहरूले सन् १८४२ देखि सन् १९४७ सम्म को लामो शासनकालमा पनि राज्यको लाप्चे, भोटे, नेपाली मूलका जनसाधारणको आर्थिक, सामाजिक, राजनैतिक सुधारको निम्ति केही गरेनन्, गर्न सकेनन् या गर्न दिइएन। यसरी सामन्ती प्रथाको कारणले गर्दा देशको आर्थिक अवस्था जर्जरित भएको पाइन्छ।[६] यो कुरा **अपतन साहित्य परिषद**-को पहिलो कोशेलीका रूपमा सन् १९५० मा प्रकाशित **इन्द्रकील पुष्पाञ्जली**मा सङ्कलित कवि अगमसिंह तामाङको 'भिखारी' कवितामा पनि अभिव्यक्त हुनसकेको पाइन्छ। जस्तै:-

"तन छ भिखारी मन छ भिखारी
सारा जनता भए भिखारी
भयो भिखारी आज देश नै
चुपछौ किन नर-नारी ?
आर्तनाद गरी मुक्त कण्ठले
आए एक भिखारी॥"

राजनैतिक दाउपेचको शिकार हुनबाट सिक्किमेली नेपाली साहित्य पनि अछुत रहन सकेन। साहित्यकारहरू आफूले बाँचेको, भोगेको विगत र वर्तमानबाट बटुलेको अनुभव, अनुभूतिलाई साहित्यिक मर्यादा दिँदै यथार्थको प्रदर्शन गर्ने क्रममा भविष्यको निम्ति केही आदर्श सन्देश प्रसार गर्दै कृतिहरू सृजना

५. तुलसीराम शर्मा, कश्यप, पूर्ववत्; पृष्ठ....
६. प्रेम थुलुङ, "कवि अगमसिंह तामाङ र उनको कृतिमाथि केही चर्चा" **प्रक्रिया,** (सम्पादक: वीरभद्र कार्कीढोली) वर्ष ८, अङ्क १३, सन १९९४-९५, पृष्ठ ३४-३५.

गर्छन्। त्यसैले साहित्यकारहरू युगद्रष्टा र युगस्रष्टा हुन्छन्। उक्त पद्यांशको भिखारी राजनैतिक शोषणले जीर्णशीर्ण भए पनि निमुखा भई नबसेर आफ्नो आर्तनादले अरूलाई जगाउँदै जीवन बाँच्नको सार्थकता बुझेर अधिकार हत्याउनका निम्ति अग्रसर छ। आफू सर्वहारा भए पनि केही सामल बटुल्ने आकाङ्क्षा र दृढ़ता बोकेर आकर्षणको केन्द्र हुने भिखारीले अपतन साहित्य परिषद-को उद्देश्यको प्रतिनिधित्व गरेको पाइन्छ।

अशिक्षित जनतालाई शोषण गर्न र शासित तुल्याउन सहज हुने कुरालाई तत्कालीन सिक्किमेली शासकहरूले राम्ररी बुझेका थिए। यस्तै स्थितिमा मेरी स्कटले धर्म प्रचारका उद्देश्यले भए पनि सन् १९२४ को २१ जूनका दिन सिक्किमको गान्तोकमा पाल्जोर नामग्याल कन्या पाठशालाको स्थापना गरेर सिक्किमवासीहरूमा शिक्षाको ज्योति बालेकी थिइन्।

(ख) सिक्किममा नेपालीहरूको बसोबासो

सिक्किममा नेपाली जातिको बसोबासोबारे विभिन्न समयमा विभिन्न विद्वान-विदुषीहरूले विभिन्न मत प्रस्तुत गरेको पाइन्छ। सिक्किमको एक प्रान्तमा सन् १६०० देखि नै लिम्बु राजा माबोहाङको राजत्व चलेको थियो भने अर्को प्रान्तमा मगरहरूको शासन रहेको र राजा सिन्तुपति सेन उनीहरूका राजा रहेको जानकारी पाइन्छ। यी लिम्बु र मगर नेपाली जातिकै भएकाले यस अघिदेखि नै सिक्किममा नेपालीहरूको बसोबासो रहेको थियो भन्ने कुरो पुष्टि हुन्छ। सुगौली सन्धि (सन् १८१४) र तितलिया सन्धि (सन् १८१७) कालभन्दा अघिसम्म कहिले नेपालले सिक्किमको भूभाग शासन गरेको र कहिले सिक्किमले नेपालको भूभागलाई आफ्नो अधीनमा ल्याएको कुरो इतिहासमा उल्लेख छ। सन् १८३५ सम्म सिक्किमकै भूभाग रहेको दार्जीलिङलाई ब्रिटिश शासकको अनुरोधमा सिक्किमका राजाले वर्षेनी हर्जाना लिने शर्तमा भाड़ामा दिएका भए पनि सन् १९४७ मा भारत छोड़ेर जान बाध्य भएको ब्रिटिश शासकले यो प्रान्त सिक्किमलाई फर्काएन।[७] यस ऐतिहासिक तथ्यबाट पनि सिक्किममा नेपालीहरूको बसोबासो धेरै पुरानो प्रमाणित हुन्छ।

नामग्याल वंशीय राजाहरूको शासनपूर्व मासल (लाप्चे) जनपदमा पन्ध्रौं शताब्दीतिर देखि नै मगरहरू सिक्किममा बस्दै आएको उल्लेख पाइन्छ।[८] सिक्किमको पश्चिमी भेकमा लिम्बुहरूभन्दा पहिले मगरहरूको बसोबासो प्राचीनकालदेखि नै थियो भन्ने कुरोको जानकारी पनि पाइन्छ।[९] आजसम्मका उपलब्ध प्रमाणअनुसार सिक्किममा शुरूदेखि नै मूलत: भोटे, लाप्चे र नेपालीहरू रहिआएको पाइन्छ। सन् १८४८ मा दार्जीलिङ

७. गोपाल गाउँले '**सिक्किम नेपाली साहित्य हिजो र आजसम्म**', **निर्माण** (गोपाल गाउँले स्मृति अङ्क, प्रधान सम्पादक: पवन च्रामलिङ 'किरण'), वर्ष २०, अङ्क ३५, निर्माण प्रकाशन, जून २००१, पृष्ठ ७.

८-९. धरणीधर दाहाल, '**सिक्किमको राजनैतिक इतिहास**', सुब्बा प्रकाशन, गान्तोक, सन् १९८४, पृष्ठ ९६.

सिक्किम र पूर्व नेपाल भ्रमणमा आउने अंग्रेज उद्भिद्शास्त्री जोसेफ हुकरको भनाइ अनुसार पनि मगरहरू नै सिक्किमका आदिवासी हुन्।[१०]

त्यस्तै अनुसन्धाता शरद्चन्द्र दासले पनि सिक्किमको काङ्चापेन उपत्यकामा देखेका पुराना किल्ला र भग्नावशेषहरू मगरहरूकै हुन् भनेर दावी गरेका पाइन्छ।[११]

सन् १८६८ मा महाराजा सिद्क्योङ् नामगेल, खासा देवान र फादोङ लामाले सिक्किमको सार्वभौमिकताको संरक्षण, पशुपालन, कृषिकार्य, व्यापार-वाणिज्य आदिका निम्ति र खानीमा काम गर्नका निम्ति नेपालीहरूलाई सिक्किम ल्याएर यहाँको नागरिकता दिएको जानकारी पनि पाइन्छ।[१२]

उपर्युक्त तथ्यहरूको अध्ययन अनुशीलन गरेर हेर्दा ईशाको चौधौं-पन्ध्रौं शताब्दीतिरबाटै सिक्किममा भोटे, लाप्चे र नेपालीहरू बसोबासो गर्दै आएका हुन् भन्न सकिन्छ।

(ग) सिक्किममा नेपाली भाषाको प्रयोग एवम् पटन-पाठन

कुनै पनि भाषा-साहित्यको विकास वा समृद्धि त्यस भाषाको पठन-पाठन, प्रयोग, प्रचार-प्रसार र राष्ट्रीय पृष्ठपोषकतामाथि निर्भर गर्दछ। यहाँ **'अपतन साहित्य परिषद'**-को चर्चाका सन्दर्भमा सिक्किममा नेपाली भाषा-साहित्यको पठन-पाठन, प्रयोग-प्रचलन एवम् राष्ट्रिय पृष्ठपोषकतामाथि प्रकाश पार्ने प्रयास गरिएको छ।

(अ) सिक्किममा नेपाली भाषाको प्रयोगः

नेपाली भाषा एघारौं शताब्दभन्दा केही अघिदेखि नै सिक्किमको प्रमुख भाषा रहेको प्रमाण पाइन्छ।[१३]

सिक्किममा भोटे, लाप्चे र नेपालीहरूमाझ साधारणतः नेपाली भाषा नै बोलचालको भाषा रहेको कुरा चिए नकाले-ले उल्लेख गरेका पाइन्छ।[१४]

---

१०. जोसेफ डॉ० हुकर, **'हिमालयन जर्नल्स'** (दोस्रो ठेली), पहिलो खण्ड, लण्डन, सन् १९५५, पृष्ठ ९८०.

११. शरद्चन्द्र दास, **'जर्नी टू ल्हासा एण्ड सेन्ट्रल टिबेट'**, कलकत्ता, सन् १९०२ पृष्ठ २४-२६.

१२. सर रिचार्ड टेम्पल, **'ट्राभल्स इन नेपाल एण्ड सिक्किम'**, सिरिज-१, ठेली-२०, बिबल्योयिका हिमालयिका, सन् १८८७, पृष्ठ ११-१८.

१३. रश्मि प्रसाद आले, **''सुखिममा आधुनिक शिक्षाको सूत्रपात तथा प्रसार'**, **सुनाखरी** (सम्पादक: लाल देवसा र अन्य) सि० सा० स०, गान्तोक, सन् १९७७, पृष्ठ ३३-३५.

१४. चिए नकाने **'ए फ्लूरल सोसाइटी इन सिक्किम: कास्ट एण्ड किन इन नेपाल इण्डिया एण्ड सिक्किम'**, (सम्पादक खिष्टोभ फ्यूरर हमेन्डोर्फ), सन् १९६६, पृष्ठ २६१-२६२.

सिक्किममा भोटे, लाप्चे भाषा बोलचालको रूपमा प्रचलित भए तापनि जनभाषाको रूपमा नेपाली भाषाले नै मान्यता पाउँदै आएको पाइन्छ। १९७७ को ९ जुलाईको दिन सरकारी आमन्त्रणमा गान्तोक गएका डा० पारसमणि प्रधानले सिक्किम टिबेटोलोजीको अतिथि पुस्तिकामा नेपाली भाषामा आफ्नो मन्तव्य लेख्दा त्यहाँका अधिकारी डा० निर्मल सिन्हाले "आगन्तुक पुस्तिकामा नेपाली भाषामा सर्वप्रथम लेखिदिनु भयो; यो खुशीको कुरो हो; आजदेखि सिक्किमको स्टेट ल्याङ्वेज नेपली भयो।"[१५] भन्ने टिप्पणी गरेका थिए भनिएको छ। कुनै पनि भाषा वर्षौंदेखि आफ्नो अस्तित्व सम्पर्क भाषाका रूपमा स्थापित गरेपछि मात्र राजभाषा हुनसक्ने हुनाले सिन्हाको उक्त भनाइले नेपाली भाषाको प्रयोग प्रचलन धेरै अघिदेखि नै हुँदै आएको बोध गराउँछ। सिक्किम प्रशासनिक एवम् कानुनी भाषाको रूपमा सत्रौं शताब्दीदेखि नै नेपाली भाषाको प्रयोग-प्रचलन थियो भनिएको छ।[१६]

यसरी सरकारी गजेट तथा विद्वानहरूले उल्लेख गरेका तथ्यहरूको अध्ययन गर्दा ईशाको एघाहौं शताब्दीको छेउछाउदेखि नै सिक्किममा नेपाली भाषाको प्रयोग प्रचलन हुँदै आएको बोध हुन्छ। एच० एच० राइसलीको **द गेजेटियार अफ सिक्किम** १८९४, पृष्ठ २७ मा १८९१ मा भएको जनगणना अनुसार सिक्किमको कुल जनसङ्ख्या ३०,४५८ मा १९,००० भन्दा बढ़ी नेपालीहरू भएको र त्यहाँको बोलचालको भाषा नेपाली रहेको कुरा उल्लेख गरिएको छ।[१७]

टर्नबुल र पादरी गङ्गाप्रसाद प्रधान मिलेर सन् १८८३ मा दार्जीलिङमा बाइबलको नेपाली अनुवाद गरेका थिए। सो अनूदित धार्मिक पुस्तकबाट सिक्किममा पनि इशाई धर्मको प्रचारका साथै नेपाली भाषाको प्रचार-प्रसार हुन सकेको थियो।[१८]

सन् १९२३ तिर रश्मिप्रसाद आले नाम्चीमा जागीरे भएर प्रवेश गरेपछि नै सिक्किममा नेपाली भाषाको प्रयोग-प्रचलनमा साथै यसको विकास र समृद्धिमा रश्मिप्रसाद आलेले सक्रिय कार्य गरेका थिए भन्ने भनाइ छ। [१९]

---

१५. नगेन्द्रमणि प्रधान, **'डा० पारसमणिको जीवन यात्रा'**, डा० पारसमणि प्रकाशन, दार्जीलिङ; सन् १९९१, पृष्ठ ३११.

१६. प्रणय कुमार भट्टचार्य, **'एस्पेक्टस् अफ कल्चरल हिस्ट्री अफ सिक्किम: स्टडिज इन् कोइनेज'**, कलकत्ता, सन् १९८४, प्लेट १, पृष्ठ २८.

१७. **'ए ब्रीफ इन्ट्रोडक्सन अफ नेपाली लेङ्ग्वेज एण्ड लिटरेचर**, नेपाली भाषा समिति, दार्जीलिङ; सन् १९७२, पृष्ठ २.

१८. **'एन्युवल रिपोर्ट अफ द एड्मिनिस्ट्रेशन अफ द बंगाल प्रेसिडेन्सी ड्यूरिङ द इयर; १८९८-९९**, पृष्ठ ३०७.

१९. केदार गुरूङ, 'तुलसीबहादुर छेत्रीसित स्रष्टा परिवारको भेटघाट', **स्रष्टा** (सम्पादक: केदार गुरूङ र उपमान बस्नेत, पश्चिम सिक्किम साहित्य प्रकाशन), वर्ष १०, अङ्क २५, गेजिङ, सन् १९८९, पृष्ठ १७८.

तिनताक काजी र ठेकेदारहरू नेपाली भाषाका बिरोधी थिए तापनि त्यहाँको उत्साही नेपालीहरूले सन् १९२४ मा आलेज्यूका नेतृत्वमा **'म्यूजिकल क्लब'**-को सक्रियतामा **अटल बहादुर**- नाटक अभिनय गरेर देखाएका थिए अनि कवि लेखनाथ पौड्यालको 'पिञ्जराको सुगा'-कवितालाई पनि नाट्यरूप दिएर सिक्किमका महाराजा सर टाशी नामग्याललाई स्कूलको पुरस्कार वितरण समारोहमा अभिनय गरेर देखाएका थिए।[२०]

इतिहासकारहरूको भनाइअनुसार छोग्याल राजवंशको उदय हुनुभन्दा धेरै पहिलेदेखि नै सिक्किममा बसोबासो गरेका विभिन्न समुदायहरूमाझको सामाजिक अन्तर्क्रियाको भाषा नेपाली रहेको थियो।[२१]

(आ) सिक्किममा नेपाली भाषामा पठन-पाठन

सिक्किममा शैक्षिक परम्पराको अनुशीलन गर्दै जाँदा शुरूमा संस्कृत शिक्षा र बौद्ध (तिब्बतीय) शिक्षाको परम्परा प्रचलनमा रहेको पाइन्छ। नामग्याल वंशीय राजाहरूको उदय (सन् १९०४-१९४१) पछि पनि सिक्किमका दरबार र गुम्बाहरूमा बौद्ध शिक्षाको प्रभाव कायम रहेको पाइन्छ।[२२] तापनि नामग्याल वंशीय राजाहरूको उदयपछि सिक्किममा नेपाली भाषा बिस्तारै भित्रिंदै गएको अनुमान गरिएको छ। वस्तुत: सत्रौं शताब्दीको पहिलो दशकतिर नै सिक्किममा नेपाली भाषाले शिक्षाको क्षेत्रमा प्रश्रय पाएको थियो भन्न सकिन्छ। विभिन्न लक्ष्य लिएर भारत आएका मिशनेरीहरूले उन्नाइसौं शताब्दीको उत्तरार्द्धमा सिक्किममा शहर-बजारदेखि गाउँ-बस्तीसम्म ईशाई धर्म प्रचार गर्दा नेपाली भाषालाई माध्यम बनाएका थिए र पादरीहरूले शैक्षिक केन्द्रहरूको पनि स्थापना गरेका हुनाले धर्म प्रचारका साथै नेपाली भाषाको पनि प्रचार हुनसकेको थियो।[२३]

सिक्किममा शुरूदेखि नै नेपाली भाषा नेपाली, भोटे, लाप्चेहरूको साझा भाषाका रूपमा चल्दै आए

---

२०. एच० बी० नवपानीय, **'नेपाल बाहिर नेपाली साहित्यिक गतिविधि'**, नेपाली साहित्य अध्ययन समिति, कालिम्पोङ प्रकाशन, सन् १९६८, पृष्ठ ५२-५३.

२१. वत्सगोपाल, 'सिक्किममा नेपाली भाषा-साहित्यको विकास क्रममा बीशौं शताब्दीको योगदान: संक्षिप्त सर्वेक्षण' **निर्माण**, (प्रधान सम्पादक: पवन चामलिङ, 'किरण') वर्ष २५, अङ्क ३७, जून २००२, पृष्ठ...

२२. पुष्प शर्मा, **'नेपाली कविताको विकासमा सिक्किमको योगदान'** (सन् १९४०-१९९० सम्म), शोधप्रबन्ध, उत्तर बंग विश्वविद्यालय; सन् २००१, पृष्ठ ४९.

२३. **'एन्युवल रिपोर्ट अफ दि एडमिनिस्ट्रेशन अफ द बङ्गाल प्रेसिडेन्सी ड्यूरिङ द इयर: सन् १८९८-९९'**, पृष्ठ ३०७.

तापनि सन् १९०२ देखि मात्र नेपाली विद्यार्थीका लागि बोर्डिङ स्कूल खोलिएको कुरा चाहिँ उल्लेखनीय छ।[२४] वस्तुत: सन् १९१४ मा सिक्किमका एघाह्रौं राजा टासी नामग्यालले देशमा सामाजिक, आर्थिक, शैक्षिक सुधार गर्ने उद्देश्यले स्थापना गरेका पाठशालाहरूमा सर्वसाधारणलाई नेपाली भाषाको माध्यमद्वारा प्रारम्भिक शिक्षा दिने व्यवस्था मिलाएका थिए र शिक्षाको क्षेत्रमा नेपाली भाषाको व्यापक प्रयोग-प्रचलनको क्रम शुरू हुनसकेको थियो भने रश्मिप्रसाद आलेले सन् १९२३ देखि सिक्किममा नेपाली भाषा शिक्षण-कार्य आरम्भ गरेका थिए[२५] र नेपाली भाषाको प्रचार-प्रसार बढ्दै गएको थियो।

शिक्षाप्रेमी रश्मिप्रसाद आलेले गान्तोकामा भएको नेपाली बोर्डिङ स्कूल र भोटिया बोर्डिङ स्कूल दुवैलाई 'सर टासी नामग्याल स्कूल' नाम दिएर एउटै स्कूलमा परिणत गराएका थिए सन् १९२५ मा। यसले गर्दा नेपाली भाषाको पठन-पाठनमा नयाँ गति आउनसकेको थियो। यसभन्दा अघि आलेज्यूले काठमाडौंतर्फबाट नेपाली पुस्तकहरू मगाएर पनि छात्र-छात्राहरूलाई पढाउने गर्दथे।

सन् १९२४ देखि श्री पारसमणि प्रधानद्वारा प्रकाशित नेपाली पुस्तकहरू पाठ्यक्रममा राखिए अनि नेपाली भाषाले सिक्किममा मौलाउने र फैलिने मौका पायो। [२६] सन् १९३० मा बिड्ला कम्पनीसँग मिलेर दार्जीलिङको भोटे बस्तीमा वाई० एम० बी० ए० पाठशाला र छात्रावासको स्थापना गर्ने सिक्किमका च्याखुङका हिनायानापन्थी काजी फाकछिरीङ अथवा रेभरेण्ड एस० जिरोनासाले च्याखुङमा सन् १९३३-३४ मा र सन् १९३४ नाम्चीमा मिडल स्कूल खोलेका थिए। यसरी नै उनले सोसिङ, गेजिङ आदि ठाउँहरूमा पाठशालाहरू खोल्दै गएर सन् १९४२ मा टिम्बुरबुङमा मिडल स्कूल स्थापित गरेका हुनाले सिक्किममा नेपाली भाषाको प्रयोग -प्रचलन बढ्दै गएको थियो, नेपाली भाषाको प्रयोग-प्रचलनले नयाँ गति लिन सकेको थियो।

(घ) सिक्किमको साहित्यिक पृष्ठभूमि

कुनै पनि देशको सभ्यता तथा संस्कृति त्यस देशको भाषा-साहित्यमा प्रतिविम्बित भएको हुन्छ। यस

२४. डा० कुमार प्रधान, **'नेपाली भाषाको संक्षिप्त परिचय'**, प्रक्रिया (सम्पादक :वीरभद्र कार्कीढोली), प्रक्रिया प्रकाशन, वर्ष ७, अङ्क १०, सिक्किम, सन् १९९३, पृष्ठ ८०.

२५. गोपाल प्रसाद दाहाल, 'सिक्किमको नेपाली साहित्यमा कविता: एक सर्वेक्षण', **स्रष्टा** (सम्पादक: केदार गुरूङ र उपमान बस्नेत), स्रष्टा प्रकाशन, वर्ष ६, अङ्क १८, सिक्किम: सन् १९८५, पृष्ठ १०.

२६. एच० बी० नवपानीय, **पूर्ववत्**, पृष्ठ ५२.

सन्दर्भमा–"**तिम्रो साहित्यको साधारण एक झलक मलाई हेर्न देऊ अनि तिमी कस्तो छौ म भन्नेछु।**"[२७] भन्ने स्पेनिस कहावत उल्लेखनीय छ।

"घर मेरो गान्दुक, जात मेरो राई/थर मेरो नेचाली" भनी आफ्नो परिचय दिने प्रसादसिंह नेचालीको **प्रीतिलहरी** (सन् १९१९) सिक्किमेली नेपाली साहित्यको प्रथम कृति देखिए तापनि सन् १९२१ मा रश्मिप्रसाद आलेले नेपाली भाषा शिक्षण कार्य आरम्भ गरेपछि मात्र सिक्किममा नेपाली साहित्यले गति लिन शुरू गरेको बोध हुन्छ।[२८] यसरी सन् १९२१ मा **प्रीतिलहरी** प्रसादसिंह नेचालीद्वारा रचना भएको पाइए तापनि र सन् १९२७ मा **पुलिसको कर्मचारीको पथदर्शक** जस्ता साहित्येतर रचना–कृतिहरूको प्रकाशन हुनसकेको पाइए तापनि चन्द्रदास सापकोटाको, सुलेमानी प्रेस, मद्दोदरी पार्क, बनारसबाट सन् १९४४ मा प्रकाशित **ज्ञानविनोद**–लाई सिक्किमको पहिलो कविता कृति मानिएको छ।

नेपाली काव्यको प्राथमिककालको उत्तरार्द्ध (सन् १८१६–१८८३) मुख्यत: भक्तिधारा मुख्यधाराका रूपमा प्रवाहित भएको पाइन्छ। कारण त्यसताकका नेपालमा व्याप्त पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानान्तर्गतका विभीषिका र आतंकको छापबाट थकित जनमानसलाई आध्यात्मिक र मानसिक शान्ति दिनु थियो। सिक्किममा पनि राजतन्त्र तथा प्रशासनिक अत्याचार र शोषणको उत्पीड़नबाट जनमानसलाई आध्यात्मिक विषयले मानसिक शान्ति दिने उद्देश्यले प्रस्तुत पद्य कृतिको रचना गरिएको हो भन्ने अनुमान गर्न नसकिने होइन। प्रस्तुत पद्य कृतिको कलापक्षमा केही दुर्बल देखिए तापनि उपमा, रूपक जस्ता एकाध अलङ्कारहरूको प्रयोगले कृति पठनीय रहेको र भावपक्ष पनि मानवोपयोगी बन्न सकेको पाइन्छ

विश्वका अधिकांश भाषाका साहित्यको प्राथमिककाल काव्यात्मक रहेको पाइन्छ। सिक्किम पनि यो परम्पराबाट मुक्त हुनसकेको देखिन्न। त्यसैले सन् १९४७ मा मनोरथ दाहालको **उद्देश्य भाषा श्लोक** नामक पद्यात्मक काव्य प्रकाशित भएको देखिन्छ। दाहालको उद्देश्य मूलत: सुधार–संस्कार भावप्रधान रहेको पाइन्छ। यसमा शिक्षा केन्द्रहरूलाई ज्ञान वृक्ष र धार्मिक–आध्यात्मिक, सांस्कृतिक गतिविधि एवम् नैतिक शिक्षा आदिलाई यसको फल भनिएको छ। सांसारिक जीवनको निस्सारता देखाएर पाठकहरूलाई ज्ञान–बुद्धि र शिक्षाको महत्त्व बुझाउँदै त्यसतर्फ उन्मुख गराउने मूलोद्देश्य नै यस कृतिको विषयवस्तु रहेको छ। शान्तरस प्रधान यस कृतिमा अहङ्कार, विषय वासना, क्रोध, सङ्कीर्ण विचार आदिले मनुष्यको बुद्धि भ्रष्ट

२७. **"लेट मि ह्याभ ए सिम्पल ग्लान्स अफ योर लिटरेचर एण्ड आई विल टेल यू हाउ यू आर।"**

२८. गोपाल प्रसाद दाहाल, **पूर्ववत्**, पृष्ठ १०

गराउँछ भन्ने भावनात्मक अभिव्यक्तिले पश्रय पाएको छ। यसको भाषा-शैली अपरिष्कृत, अपरिमार्जित भए तापनि विषयवस्तु भने मानवोपयोगी र समाजोपयोगी भएकोले यसको एउटा छुट्टै महत्त्व रहेको छ।

त्यस्तै सन् १९४७ को सवाई छन्दमा रचित **पुत्रशिक्षा** मा सुपुत्र नै परिवार, समाज र देशका निम्ति आवश्यक हुनाले पुत्रलाई सदुपदेश र सद्शिक्षा दिन आग्रह गरिएको छ। यसरी अध्ययन, अनुशीलन गरेर हेर्दा सिक्किममा फून्चो नामग्याल वंशीय छोग्याल (राजा)-ले शासन गर्न थालेको प्राय: छ शताब्दीपछि पनि सिक्किमेली नेपाली साहित्यको विकास सङ्गठित रूपमा हुनसकेको पाइन्न र १५ अप्रेल १९४७ **अपतन साहित्य परिषद** गठन भएपछि मात्र सिक्किममा साङ्गठनिक रूपमा नेपाली साहित्यको गतिविधि शुरू हुनसकेको पाइन्छ भन्ने कुरो बिजय बान्तवाले उल्लेख गरेका छन्।[२९]

३.१.२ अपतन साहित्य परिषदको स्थापना

कुनै पनि सामाजिक, सांस्कृतिक, साहित्यिक, राजनैतिक आदि कार्यहरूको सिद्धि व्यक्तिगत स्तरमा भन्दा संस्थागत वा साङ्गठनिक स्तरमा बढ़ी सम्भव हुन्छ। नेपालको राणाकालीन शासनमा जस्तै सिक्किममा पनि राजतन्त्रको निरंकुशताको चपेटमा परेर ईशाको बीशौं शताब्दीको पूर्वार्द्धसम्म नेपाली भाषा-साहित्यले उर्वराभूमि पाउन सकेको थिएन। यस्तो खट्किदो कमीलाई राम्ररी अनुभव गरेर टासी नामग्याल हाई स्कूलका तत्कालीन शिक्षकहरू-श्री अगमसिंह तामाङ, श्री पदमसिंह सुब्बा, श्री तुलसीबहादुर छेत्री अनि श्री निमा वाङ्दी तारगेनहरूका संयुक्त प्रयासमा सन् १९४७ मा सिक्किमको गान्तोकमा सर्वप्रथम साहित्यिक संस्था स्थापित हुनसक्यो। उनीहरूले आ-आफ्ना नामको अघिल्लो वर्ण मिलाएर यस साहित्यिक संस्थाको नाम राखे **अपतन साहित्य परिषद; 'अपतन'** शब्दलाई कहिले पनि पतन नहुने अर्थमा उनीहरूले यस परिषदको नामकरण गरेको बोध हुन्छ।

अपतन साहित्य परिषद सन् १९४७ अप्रेल १५को दिन गठित सिक्किमको जेठो नेपाली साहित्यिक संस्था हो। यस संस्थाका संस्थापक सदस्यहरू थिए- अगमसिंह तामाङ, पदमसिंह सुब्बा, तुलसी बहादुर छेत्री अनि निमा वाङदी तारगेन। सिक्किमको त्यसताकको जनविरोधी र अत्यचारी काजी, ठिकादार अनि जमिन्दारी प्रथाले सिक्किममा सामाजिक, राजनैतिक, साहित्यिक तथा बौद्धिक गतिविधिहरू हुन नदिनु अनेकौं बाधाहरू खड़ा गरी व्यक्ति र संस्थाहरूलाई नै दण्डित गर्ने गरेकोले शासक पक्षका नजरबाट लुकेर भए पनि साहित्यिक

२९. बिजय बान्तवा, **पत्रकारिताका पक्षहरू**, 'सिक्किमको साहित्य र पत्रकारिताको ऐतिहासिक पृष्ठभूमि: एक अवलोकन', निर्माण प्रकाशन, नाम्ची, अगस्त १९९६; पृष्ठ १-२.

गतिविधिलाई अघि बढ़ाउन उपर्युक्त चार व्यक्तिहरूका नामको अघिल्लो एक-एक अक्षरलाई लिएर '**अपतन**' नामकरण गरिएको हो।[३०]

तत्कालीन् प्रतिकूल परिवेशमा पनि साहित्यिक संस्था स्थापना गरेर सिक्किममा नेपाली भाषा र साहित्यको प्रचार र प्रसार गर्ने कार्यमा यस संस्थाका संस्थापक सदस्यहरू कटिबद्ध थिए। उनीहरू आफ्ना उद्देश्य र निर्णयमा अडिग थिए र आफ्ना उद्देश्य र विचारलाई साकार रूप दिन कटिबद्ध पनि थिए। तर त्यस समय सिक्किममा राजतन्त्र थियो अनि भारतमा स्वाधीनताको आन्दोलन चरम सीमामा पुगेको थियो। त्यस्तो परिवेशमा नेपाली समुदायले संस्था खोलेर आफूलाई चिन्हित गराउन खोज्ने प्रयासलाई राजदरबार तथा अन्य समुदायले संस्थाप्रति शंकालु नजरले हेर्ने गरेको हुनाले केही कालसम्म परिषदले गोप्य रूपमा आफ्ना कार्यहरू गर्दै लगेको पाइन्छ।[३१]

यस संस्थाका चारजना मूल सदस्यहरूमध्ये अगमसिंह तामाङ (सन् १९३१-१९६५) र पदमसिंह सुब्बा (सन् १९२३) को जन्मथलो सिक्किम अनि निवा वाङ्दी तारगेन (सन् १९२२-२००४) र तुलसी बहादुर छेत्री (सन् १९२०) को जन्मथलो भारत थियो। सिक्किममै जन्मे तापनि अगमसिंह र पदमसिंहले उच्च शिक्षा भारतमा नै पाएका थिए। यी चारजना तीस ननाघेका युवाहरू गान्तोकको सर टासी नामग्याल हाइस्कूलका शिक्षकहरू थिए। उनीहरू तत्कालीन युगपरिस्थितिबारे पर्याप्त सचेत पनि थिए।[३२] त्यसैले तत्कालीन प्रशासनिक व्यवस्थाको कोपभाजन हुनसक्ने त्रास बोकेर गोप्यरूपमा गठित **अपतन साहित्य परिषद** सर्न् १९४७ को सेप्टेम्बर महिनामा मात्र रश्मिप्रसाद आलेको सभापतित्वमा आयोजित जनसभामा प्रकाशमा आउन सकेको थियो।[३३]

सन् १९४६-४७ तिर अगमसिंह तामाङ, डा० तुलसी बहादुर छेत्री, श्री निमा वाङ्दी तारगेन र पदमसिंह सुब्बा शिक्षकको रूपमा टासी नामग्याल हाइस्कूलमा भेट भएका थिए। तिनताक गान्तोकमा मनोरञ्जनार्थ साहित्यिक गोष्ठी, नृत्य, कला तथा नाटकादि प्रदर्शन गर्ने कुनै मञ्च तथा संस्था नभएकोले बिदाको दिन तथा फूर्सदको समय चारजना कहीं न कहीं जम्मा भएर विभिन्न विषयमा चर्चा गर्ने गरेका अनि यसै सिलसिलामा एक दिन तुलसी बहादुर छेत्रील नै एउटा साहित्यिक संस्था स्थापित गर्न राखेको प्रस्तावले स्वीकृति पाए

३०. गोपाल 'गाउँले',पूर्ववत्, पृष्ठ ९.

३१. सानु लामा, 'सिक्किममा नेपाली साहित्यको गतिविधि', **निर्माण** (प्रधान सम्पादक: पवन चामलिङ 'किरण'), निर्माण प्रकाशन, वर्ष २५, अङ्क २७, नाम्ची, जून २००२, पृष्ठ ३४९.

३२. डा० मोहन पी० दाहाल, 'अपतन साहित्य परिषद, सिक्किम', **हाम्रा संस्था एक परिचय**', (परिवर्द्धित र संशोधित संस्करण), नेपाली साहित्य प्रचारिणी समिति, सिलिगुढ़ी, सन् १९९६, पृष्ठ १५.

३३. वत्सगोपाल, पूर्ववत्, पृष्ठ २३१.

पश्चात अपतन साहित्य परिषदको गठन र स्थापना भएको कुरो पदमसिंह सुब्बा 'अपतन'-ले उल्लेख गरेको पाइन्छ।[३४] तिनताक सिक्किममा राजतन्त्र थियो। भारतवर्षले स्वतन्त्रता प्राप्त गरिसकेको थिएन। यस्तो स्थितिमा कुनै जाति विशेष नाम नदिई परिषदको नाम **'अपतन'** राखियो अनि परिषदमा अन्यान्य भाषा, विशेष गरी तिब्बती, लेप्चा र हिन्दी साहित्यलाई पनि स्थान दिने उदारवादी सल्लाह भयो।

३.१.३ 'अपतन साहित्य परिषद'-का सदस्यहरू

अपतन साहित्यक परिषद स्थापना गर्ने संस्थापक सदस्यहरू-स्व० अगमसिंह तामाङ, पदमसिंह सुब्बा, तुलसी बहादुर छेत्री अनि स्व० निमा वाङदी तारगेनका उद्देश्य, विचारहरूलाई प्रशंसनीय र अनुकरणीय ठान्दै यस संस्थाको ठाकुरबाढ़ी, गान्तोकमा १५ सेप्टेम्बर १९४७ मा भएको प्रथम अधिवेशन पश्चात सदस्य संख्यामा वृद्धि भएको थियो। स्व० रायसाहब हरिप्रसाद प्रधान, स्व० रश्मिप्रसाद आले, काशीराज प्रधान, रघुवीर बस्नेत, भीम बहादुर राई, अटलसिंह देवान, चतुरसिंह राई आदि गण्यमान्य व्यक्तिहरू, परिषदका संरक्षक, आजीवन सदस्य तथा सल्लाहकारको रूपमा रहेका थिए।[३५] कालान्तरमा परिषदका क्रिया कलापबाट प्रभावित भएर यस संस्थाका सदस्यहरू बढ्दैगए। यसका शुरूशुरूका सदस्यहरूमा चन्द्रदास राई, शिवनाथ मिश्र, रामदत्तलाल ठाकुर, सन्तवीर लिम्बु, मोतीचन्द्र प्रधान, सोनाम छिरिङ बाबु (भोटिया), रिन्जिङ लामा, दाउगे भोटिया, ख्यालीराम सिंगी आदि उल्लेखनीय छन्। त्यति मात्र नभएर बर्मेक काजी रायबहादुर साहब तथा महाराजको पनि यस संस्था र संस्थाको रचनात्मक कार्यहरूप्रति एक प्रकार सकारात्मक दृष्टिकोण रहेको थियो भन्ने वाङ्दी छिरिङ लामाको भनाइ रहेको पाइन्छ।[३६]

परिषदका अन्य सदस्यहरू लगायत भूपाल लामिछाने, मनबहादुर सुब्बा, चन्द्रदास राई, सन्तवीर लिम्बू, रामदत्तलाल ठाकुरहरू परिषदको साहित्यिक टेवा हुनपुगे। यी सदस्यहरूका अतिरिक्त स्वयंसेवक तथा स्वयं सेविका भएर सदस्यता ग्रहण गरी परिषदका विभिन्न कार्यहरूमा सहयोग गर्नेहरूमा पदमबहादुर थापा, लक्ष्मीशोभा राई, लीला आले, भरत बस्नेत, देवकुमारी गुरूङ, शान्ती राई, युनारायण प्रधान, आत्माराम, हर्कबहादुर प्रधान, रनबहादुर राई, चन्द्रवीर राई, हर्कबहादुर बस्नेत, लक्ष्मण छेत्री, सी० एम० रसाइली, मानबीर

३४. पदमसिंह सुब्बा, 'अपतन साहित्य परिषद: संक्षिप्त इतिहास', **प्रक्रिया** (सम्पादक: वीरभद्र कार्कीढोली), वर्ष ९, अङ्क १५, शान्ति प्रकाशन, गान्तोक, सन् १९९५, वि०सं० २०५२; पृष्ठ ३६७.

३५. पदमसिंह सुब्बा 'अपतन', 'दुई शब्द', **'इन्द्रकील पुष्पाञ्जलि'** (सम्पादक श्री शिवनाथ मिश्र अनि श्री तुलसी बहादुर छेत्री) द्वितीय संस्करण, श्रीमती हिरालता शर्मा, गान्तोक, सन् १९९३, पृष्ठ शून्य।

३६. वाङदी छिरिङ लामा, 'कवि अगमसिंह तामाङ 'अपतन': प्रतिभा परिचय', **स्रष्टा** (सम्पादक: केदार गुरूङ र उपमान बस्नेत), वर्ष २०, अङ्क ४५, पश्चिम सिक्किम प्रकाशन, गेजिङ: जनवरी-मई १९९९, पृष्ठ १२६.

सुब्बा, नरमाया तामाङ आदि उल्लेखनीय थिए भनिएको छ।[३७] हरिप्रसाद प्रधान सभापति अनि पदमसिंह सुब्बा 'अपतन' मन्त्री रहेको यस परिषदको स्थापना सिक्किमको इतिहासमा एउटा नौलो पृष्ठ हुनगयो।

३.१.४ अपतन साहित्य परिषदको उद्देश्य र नियमावली

(अ) उद्देश्य

"अब जागी उठ्यो आशा
सद् साहित्यिक अभिलाषा
आमा आमा आमा पूरण गर्नेछौं
त्यो तिम्रो अभिलाषा।
x x x x
अब भाषा फूलोस् फलोस
अनि परिमल मृदु छरोस
साहित्य सुधा छर्की
खोलोस प्रेमको परिभाषा।"
अब जागी....।

अपतन साहित्य परिषदको उपर्युक्त कवितांशमा संस्थाको जन्मको पृष्ठभूमि, प्रतिबद्धता र उद्देश्यलाई स्पष्ट पारिएको पाइन्छ। यो कवितांश नै **अपतन साहित्य परिषद**को प्रथम कवितात्मक अभिव्यक्ति हो। यस गीतात्मक बारे पदमसिंह सुब्बा 'अपतन'-ले उल्लेख गरेका छन्-**"अब जाग उठे हैं हम, कुछ करके दिखा देंगे"** भन्ने हिन्दी गीतको भावानुवाद मात्र नभएर र यसको लय पनि त्यही गीतबाट लिइएको भए तापनि सन् १९४७ मा परिषद स्थापना भएदेखि यो विघटित नभइञ्जेलसम्म प्रत्येक साहित्यिक गोष्ठीको कार्यक्रम यही गीतको गुञ्जनसाथ प्रारम्भ हुन्थ्यो।[३८]

साहित्य संस्कृतिको एउटा दह्रो पक्ष हो। साहित्यबाटै समाज, सभ्यता र संस्कृतिको छवि छर्लङ्ग हुन्छ। एउटा जाति वा सम्प्रदायको यथार्थ चित्रका रूपमा साहित्यलाई लिन सकिने हुनाले आफ्नो जातिको अस्मितालाई साहित्यका माध्यमद्वारा मूर्त रूप दिनु नै **अपतन साहित्य परिषद**को मूल उद्देश्य रहेको पाइन्छ। नेपालीबाहेक

३७. वाङ्दी छिरीङ लामा, **पूर्ववत्**, पृष्ठ.....

३८. पदमसिंह सुब्बा 'अपतन', 'भूमिका', **ए कलम तिम्रो मुख धोएर ल्याएको छु** राम 'अपतन', आजको सिक्किम प्रकाशन, गान्तोक, सन् १९९३, पृष्ठ ७.

भोटे, लाप्चे भाषाका साथै हिन्दी र अंग्रेजी भाषालाई समेत रचनाको माध्यम बनाउने परिषदको उद्देश्य रहेको पाइन्छ। त्यस्तै साम्प्रदायिकताको सङ्कुचित घेराबाट यसलाई मुक्त राखेर भाषा-साहित्यका माध्यमबाट परस्परमा प्रेम, सद्भावना, विश्वबन्धुत्व वा विश्वभातृत्वको भावना जागृत गराउनु पनि यसको उद्देश्य रहेको बुझिन्छ।

९ फरवरी १९३५ देखि जनवरी १९३६ सम्म के॰ डी॰ प्रधानद्वारा सम्पादित अनि मदन कुमार प्रधानद्वारा प्रकाशित कालिम्बोङको नेबुला पत्रिकाको उद्देश्य पनि यस्तै रहेको देखिन्छ। यस पत्रिकाको पहिलो अङ्कको सम्पादकीयमा लेखिएको छ-''यसले नेपाली, भोटे र लाप्चेमा एकता र भ्रातृभावको दृढता अवश्य गराउन सक्छ।'' यसबाट ४० र ५० को दशकमा यस्तो उच्च, उदार विचार र उद्देश्यका लहरले सिक्किम र दार्जीलिङ भेकका साहित्यकारहरू अनुप्राणित तथा अनुप्रेरित रहेको बोध हुन्छ।

कालान्तरमा यस संस्थाको नामका विषयमा एकाध वादविवाद भए तापनि साहित्य सेवा नै यस संस्थाको मूल उद्देश्य भएकाले यसको नाम **अपतन साहित्य परिषद** नै रह्यो भन्ने १८मार्च १९५० मा यस संस्थाका सभापति श्री हरिप्रसाद प्रधानको अभिव्यक्तिले पनि स्पष्ट पारेको पाइन्छ।

नियम जस्तो साधारण छ उद्देश्य यसको उस्तै सरल छ, योग्यताले भियाएसम्म उच्चकोटिका लेख, कहानी, कविताहरू, लेखी नेपाली साहित्यलाई प्रौढ़ बनाउने।[३९] **अपतन साहित्य परिषद**को प्रथम वार्षिकोत्सवमा परिषदका मन्त्री श्री पदमसिंह सुब्बा 'अपतन'-ले ''साहित्यको उन्नति गर्नु नै समाज, देश औ राष्ट्रको बल र सौन्दर्य बढ़ाउनु हो, श्री हो औ शोभा हो। साहित्य छैन भने हाम्रो अस्तित्व र व्यक्तित्वको निशाना नै के?[४०] भन्दै प्रस्तुत गरेको प्रतिवेदनबाट पनि परिषदको उद्देश्य साहित्य सेवा गर्नु र साहित्यको श्रीवृद्धि गर्नु रहेको बुझिन्छ।

सन् १९५०-५१ तिर साहित्यिक इतिहासकार बालचन्द्र शर्मा र नारायण दास उपाध्यायको स्वागतार्थ संस्थापक सदस्यहरूद्वारा लेखिएको 'स्वागतम' शीर्षक कविताले यो संस्थाको उद्देश्य स्पष्ट गर्छ। उदाहरणार्थ-

''दाज्यू-भाइ, दिदी सबै पतन भै अल्पे कलंकित भई।
शंका, दु:ख र कष्टको सम्झना, आशा-निराश भई॥
मेरो जन्म भयो दरिद्र घरमा, आशा लताको कली।
राखे यो 'अपतन' सुनाम भन्दै चारैजनाले मिली॥''

---

३९. चन्द्रदास राई, 'अपतन साहित्य परिषद', **'भारती'** (प्रधान सम्पादक श्री रूपनारायण सिंह, सम्पादक पारसमणि प्रधान), नगेन्द्रमणि प्रधान, वर्ष १, संख्या ६, दार्जीलिङ, मंसीर २००६, नभेम्बर १९४९, पृष्ठ ३.

४०. पूर्ववत्।

आज **अपतन साहित्य परिषद** सक्रिय छैन तापनि सिक्किमेली नेपाली साहित्य र पत्रकारिताको उद्‌भवकाल **'अपतन काल'**-लाई मान्ने पत्रकार, लेखक, समालोचक बिजय बान्तवाले आज यो संस्था पतन भएर गए तापनि यस संस्थाले रोपिछोड़ेको साहित्यिक बीज भने मासिएको छैन भन्ने विचार व्यक्त गरेको पाइन्छ। [४१]

(आ) नियमावली

परिषदका नियमावलीहरू साधारणत: सरल र सहज नै थिए भन्ने परिषदका संस्थापक सदस्य तुलसी बहादुर छेत्री, पदमसिंह सुब्बाहरूको भनाइ छ। परिषदमा अनुशासनको पालन गर्नुपर्दथ्यो। प्रत्येक शनिबार परिषदका सदस्यहरूको सभा हुने नियम बाँधिएको थियो र त्यस्ता सभामा सदस्यहरूको उपस्थिति अनिवार्य मानिन्थ्यो। त्यहाँ साहित्यको चर्चा हुन्थ्यो र साहित्यको श्रीवृद्धिको निम्ति मूलत: समस्यापूर्तिका माध्यमबाट कवितादि रचना गरेर सुनाउनुपर्ने नियम बसालिएको थियो। कविता रचना गर्दा भाषाको शुद्ध प्रयोगमा, छन्द-लय विधानमा विशेष ध्यान दिइन्थ्यो भनेर अहिले पनि स्वयं कविजी तुलसी 'अपतन'-ले भन्ने गरेको सुन्न पाइन्छ।

परिषदको सदस्यताको निम्ति कुनै त्यस्तो खास प्रतिबन्ध थिएन। भाषा-साहित्य-संस्कृतिप्रेमी कोही पनि परिषदले तोकेको सदस्य शुल्क दिएर सदस्य हुनपाउथे। प्रत्येक शनिबारको सभामा प्रस्तुत गरिएको कविता, कथा, लेख आदि सङ्कलन-सम्पादन गरी **अमूल्य रत्न** नामक मासिक हस्तलिखित पत्रिका प्रकाशित गर्ने नियम बनाइएको थियो भन्ने भनाइ छ।[४२]

३.२ अपतन साहित्य परिषदका कार्यहरू

साहित्यको सेवा, श्रीवृद्धि गर्ने उद्देश्य लिएर स्थापित **अपतन साहित्य परिषदले** आफ्नो स्थापनाकालदेखि नै भाषा र साहित्य सेवाका विभिन्न कार्यहरू गर्ने गर्दथ्यो। परिषदको नियम बमोजिम प्रत्येक शनिबार सदस्यहरूको साहित्यिक भेलामा पठित कथा कविताहरू भविष्यमा प्रकाशित गर्ने विचारले **अमूल्य रत्न** र **फूलबारी** नाम दिएर दुईवटा कापीमा साफी गरेर सार्ने गरिएको थियो र यस्तो काम समितिका सदस्यद्वय श्री लक्ष्मण छेत्री र श्री भूपाल लामिछानेले गर्ने गर्थे। पछि सन् १९४८-४९ तिर तुलसी बहादुर छेत्रीको सम्पादनमा

४१. बिजय बान्तवा, **पूर्ववत्** ।
४२. चन्द्रदास राई, **पूर्ववत्** ।

परिषद्‌ले हस्तलिखित पत्रिकाका रूपमा **अमूल्य रत्न** प्रकाशित गरेर सिक्किममा नेपाली साहित्यिक पत्रिका प्रकाशनको शुभारम्भ गरेको थियो।[४३] त्यस्तै यसै परिषदबाट सन्‌ १९५१ मा **फूलबारी** नामक अर्को हस्तलिखित पत्रिका पनि प्रकाशित गरिएको थियो।

पत्रिकाका अतिरिक्त पुस्तकहरू प्रकाशित गरेर पनि परिषद्‌ले सिक्किममा नेपाली साहित्यलाई गति प्रदान गरेको देखिन्छ। थाहा लागेअनुसार **अपतन साहित्य परिषद**बाट प्रकाशित पुस्तकहरूमा-(१) **'इन्द्रकील पुष्पाञ्जलि'** (परिष्दका कविहरूमध्ये अधिकांश कवि तुलसी 'अपतन'-का कविताहरूको संकलन, सन्‌ १९५०), (२) **'बापू बन्दना'** (कवि तुलसी 'अपतन'-को खण्डकाव्य सन्‌ १९५१) र **'कमल'** (कवि तुलसी 'अपतन'-को नाटक, सन्‌ १९५३) उल्लेखनीय रहेको पाइन्छन्‌।

त्यस्तै परिषदले वर्षमा साप्ताहिक, मासिक, वार्षिक तीन किसिमका सभाहरू आयोजना गरी साहित्य चर्चा गर्ने गर्दथ्यो। साप्ताहिक सभामा परिषदका सदस्यहरूका कविता पाठहरू हुन्थे भने मासिक सभामा परिषदका सदस्यहरूका अतिरिक्त भाषा-साहित्य-संस्कृतिप्रेमी छात्र-छात्रा, युवक-युवतीहरूले पनि भाषा साहित्यको चर्चामा भाग लिने गर्दथे। परिषदले बेला-मौकामा साहित्यिक, सांस्कृतिक प्रतियोगिताको पनि आयोजना गर्ने गर्दथ्यो।[४४]

अपतन साहित्य परिषदका कार्यान्तर्गत सिक्किम बाहिरका केही ख्यातिप्राप्त कवि तथा साहित्यकारहरूलाई विभिन्न समयमा स्वागत-अभिनन्दन गर्ने गर्थ्यो। अभिनन्दित व्यक्तिहरू हुन्‌:-कवि/लेखक भाईचन्द्र प्रधान, साहित्यिक/इतिहासकार बालचन्द्र शर्मा, नारायण दास उपाध्याय, महानन्द सापकोटा, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा। यसै अवसरमा लक्ष्मीप्रसाद देवकोटाले परिषदको परिदर्शन पुस्तिकामा **'अपतन'** शीर्षक कविता लेखिराखे भने समले गद्यशैलीमा आफ्नो मन्तव्य लेखेका छन्‌ यसै अवसरमा **'Gangtok'** शीर्षकमा महाकवि देवकोटाले अंग्रेजी कविता लेखेर पनि तत्कालीन सिक्किमका महाराजलाई अर्पण गरेका थिए।

आफ्नो स्थापनाकालदेखि नै साहित्यिक गोष्ठीको आयोजना गर्दै आएर सन्‌ १९४८ मा सिक्किममा सर्वप्रथम सार्वजनिक रूपमा भानुजयन्ती सम्पन्न गरेर अग्रज साहित्यिक व्यक्तिहरूका जयन्ती मनाउँदै भाषा-साहित्यप्रतिको प्रेम र उत्तरदायित्व वहन गर्ने परम्परा बसाउँदै अपूर्ण कार्य सम्पन्न गर्नुमा **अपतन साहित्य परिषद** अग्रणी रहेको पाइन्छ। आज सिक्किममा एउटा पवित्र पर्वको रूपमा धुमधामले मनाइने **'भानुजयन्ती'** समारोहको बिजारोपण **अपतन साहित्य परिषद**-ले गरेको थियो।

---

४३. स्व० गोपाल गाउँले, **पूर्ववत्‌**, पृष्ठ ९.

४४. पदमसिंह सुब्बा, 'अपतन', 'दुई शब्द', **पूर्ववत्‌**।

परिषदको कार्यहरूमध्ये सन् १९४७ मा बालकृष्ण समको नाटक **मुकुन्द इन्दिरा**को मञ्चन विशेष थियो भन्ने डा० पुष्प शर्माको भनाइ छ। [४५]

त्यसताक सिक्किमका जनमानसलाई भाषा र साहित्यको महिमा बुझाएर त्यसप्रति मोह जगाउने कार्यमा काव्यात्मक अभिव्यक्तिद्वारा यस संस्थाका संस्थापक सदस्यहरू सक्रिय रहेको पाइन्छ। **अमूल्य रत्न** हस्तलिखित पत्रिकामा संकलित र १९५१ को जुलाईमा **फूलबारी**मा प्रकाशित 'परिवार' शीर्षक कवितालाई यसको उदाहरणका रूपमा लिन सकिन्छ। जस्तै-

"झुल्क्यो घाम नयाँ बिहान हुन गयो उप्रे सबै पंकज
माया मोह जिती गुणी भ्रमरले पायो महा सौरमा॥
छायो यो जगमा सुनाई रसिलो सत् संगको बाँसुरी।
माया एक कली मसक्क गतिलो सत् सगती संगति॥

माथि उल्लिखित साहित्यिक गोष्ठीहरू बाहेक चार सदस्यहरू कहीं भेला हुँदा पनि गोष्ठी शुरू गरिहाल्थे र सामूहिक रूपमा कविता रचना गरी साहित्यप्रतिको आ-आफ्नो प्रतिबद्धता वहन गर्ने गर्थे। **इन्द्रकील पुष्पाञ्जलि**मा संकलित 'स्वागतम', 'भानु श्रद्धाञ्जलि' यस्तै अनौपचारिक भेटघाटको उपज रहेको बताउँछन् पदमसिंह सुब्बा 'अपतन।

सन् १९४८ सालमा निमा वाङदी तारगेन गान्तोक छाड़ी अन्यत्र जानुपर्‍यो, १९५२ मा अगमसिंह तामाङ नाम्ची गए अनि लगत्तै १९५३ सालमा तुलसी 'अपतन' दार्जीलिङ आए। अब केवल पदमसिंह सुब्बाको प्रयासमा जेनतेन प्रकारेण १९५५ को मध्यकालसम्म **अपतन साहित्य परिषद** अस्तित्वमा रह्यो। कारण १९५५ मा उनी पनि बी० टी० गर्नु बर्धा जानुपर्‍यो। यसरी यो साहित्यिक संस्थाको क्रियाकलाप छोटो समयमा नै ठप्प हुनगयो। तर आज पनि यस संस्थाका कतिपय सदस्यहरूले आफ्नो नामको पछि 'अपतन' लेख्ने गरेकाले र परिषदका एक कर्मठ सदस्य राम 'अपतन'-को **अपतन साहित्य परिषद** सुदूर विगतमा विकेन्द्रित र विष्फोट भए पनि सूर्यबाट उच्छिटिएर त्यसका ग्रहहरू वरपर परिधिबद्ध नाचिरहे झैं यसको सदस्यगणको अवस्था हुनगयो, साँचो हो उस अपतनको पतनहीन उष्णता नै हो यदाकदा उम्लिरहन्छ म के गरू! झुक्दछ लाभा भएर साहित्य वेदीतिर भन्ने भनाइले यस संस्थाको अस्तित्व नामेट नभएको बुझाउँछ।।"[४६]

---

४५. डा० पुष्प शर्मा, **'नेपाली कविताको विकासमा सिक्किमको योगदान'** (१९४०-१९९०सम्म)पी०एच०डी० शोधप्रबन्ध, उत्तर बङ्ग विश्वविद्यालय; सन्........, पृष्ठ ५९.

४६. राम 'अपतन', 'कृतज्ञता', **ए कलम तिम्रो मुख धोएर ल्याएको छु** (कविता संग्रह) आजको सिक्किम प्रकाशन, सन् १९९३; पृष्ठ ....

३.२.१ तुलसी 'अपतन' र अपतन साहित्य परिषद

तुलसी बहादुर छेत्रीलाई **अपतन साहित्य परिषद**का संस्थापक सदस्यहरूमध्ये अग्रगण्य एवम् सक्रिय सदस्य मानेको पाइन्छ।[४७] वस्तुत: तुलसी 'अपतन' साहित्यिक-प्रतिभा भएका व्यक्ति थिए। साहित्यकारहरू आफूले बाँचेको विगत र वर्तमानबाट बटुलेको अनुभव-अनुभूतिलाई साहित्यिक मर्यादा दिँदै यथार्थको प्रदर्शन गर्ने क्रममा भविष्यका निम्ति केही सन्देश दिने गर्छन्। जीवनसँगको सामीप्य नै साहित्यको वैशिष्ट्य रहिआएको छ। खुबै छोइने भएर बोधगम्य विषयको रूपमा मानव इतिहाससँगै साहित्यको इतिहास पनि अस्तित्वमा आएको हो-लिखित तथा अलिखित रूपमा। एउटा जाति, सम्प्रदायले बाँचेको र बाँच्न पर्ने समाज, राष्ट्र, भूत, भविष्य र वर्तमानको यथार्थको कलात्मक अभिव्यक्ति नै त्यस जातिको भाषाको अभिव्यक्ति हो। हिजो, आज र भोलिको त्रिकालीय समागमले साहित्यलाई सत्य्, शिवम्, सुन्दरम्को रूप दिएको छ। यति मात्र नभई चेतनाको उद्गम स्थल हो साहित्य। मानव समाजमा भएका उथलपुथल, क्रान्ति, विद्रोह, परिवर्तन र नौलोपनको क्रमबद्धताको पृष्ठभूमिको रूपमा साहित्यको भूमिका प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रहेको हुन्छ।

यस्तै विचार दर्शनबाट प्रेरित तुलसी बहादुर छेत्रीले पनि सिक्किमको गान्तोकको सर टासी नामग्याल सेकेण्ड्री स्कूलमा सन् १९४४ देखि शिक्षकको पदमा नियुक्ति पाएपछि आफ्ना सहकर्मीहरूसँग मिलेर गान्तोकमा **अपतन साहित्य परिषद**को स्थापना गरेका हुन्। त्यसताक सिक्किमको राजनैतिक स्थिति साहित्यिक संस्था स्थापना गर्नका निम्ति अनुकूल थिएन।

वस्तुंत: तुलसी 'अपतन' **अपतन साहित्य परिषद**का मूल स्तम्भ थिए, सक्रिय साहित्यकर्मी थिए। त्यसैले उनको सक्रियतामा शिवप्रसाद मिश्र र उनको सम्पादनमा **अपतन साहित्य परिषद**बाट सन् १९५० मा **इन्द्रकील** पुष्पाञ्जलि नामक कविता संग्रह प्रकाशित हुनसकेको थियो। त्यस कविता संग्रहमा आठजना कविहरूका त्रिचालिसवटा कविताहरू सङ्कलित भएर प्रकाशित भएका छन्। उल्लेख्य के छ भने ती त्रिचालिसवटा कविताहरूमध्ये एक्काइसवटा कविताहरू तुलसी 'अपतन' का मात्रै छन। यसबाट के स्पष्ट हुन्छ भने तुलसी 'अपतन' **अपतन साहित्य परिषद**का सक्रिय कर्मी थिए, साहित्यको सेवा, संरक्षण, सम्बर्द्धन उनको जीवनको लक्ष्य थियो र **अपतन साहित्य परिषद** उनको जीवनको लक्ष्यमा अघि बढ्ने एउटा माध्यम थियो।

४७. डी० बी० छेत्री, 'अपतन साहित्य परिषद'-का एक स्तम्भ: निमा वाङदी तारगेन लेप्चा 'अपतन', **साहित्य संकेत**, (सम्पादक: कुमार छेत्री अनि अरू), साहित्य अध्ययन समिति, कालिम्पोङ, पृष्ठ ६३.

शिक्षण पेशाबाट बचेको समय तुलसी 'अपतन'-ले **'अपतन साहित्य परिषद'**-कै सेवा, चर्चामा व्यतीत गर्ने गर्दथे भन्ने भनाई पनि यहाँ उल्लेख गर्न सकिन्छ।[४८] यसरी तुलसी 'अपतन' **'अपतन साहित्य परिषद'**-को सक्रिय कर्मी रहँदा रचना गरेका उनका रचना कृतिहरू केही प्रकाशित भएका छन् र केही रचनाहरू चाहिँ प्रकाशित हुन नसकेका पाइन्छन्। उनका यस्ता अप्रकाशित रचना कृतिहरूमा **'मरूद्यान'** र **'छाँगो'** नामक दुइवटा खण्डकाव्य विशेष उल्लेखनीय रहेका पाइन्छन्।[४९]

त्यस्तै नेपाली साहित्यको माध्यमिककाल (वि० स० १९४०-१९७५) मा माध्यमिककालका सारथी मोतीराम भट्टले शुरू गरेको समस्यापूर्तिको प्रचलन पनि तुलसी 'अपतन'-ले **'अपतन साहित्य परिषद'**-मा चलाएका थिए र त्यसबाट पनि थुप्रै कवि-साहित्यकारहरूले कवितादि रचना गर्ने प्रेरणा पाउनसकेको थिए। यसको धेरथोर श्रेय तुलसी 'अपतन'-लाई छ भन्ने भनाइ छ। [५०]

नेपाली साहित्य सृजनाले परिषदलाई बढ़ी मर्यादित तुल्याउनु प्रयासरत तुलसी 'अपतन'-को खण्डकाव्य **बापू बन्दना** सन् १९५२ मा परिषदकै प्रकाशनमा प्रकाशित छ। उनको दोस्रो कृति **कमल** नाटक सन् १९५० मा लेखिएको र त्यसै साल मञ्चित भएको भए तापनि अपतन साहित्य प्रकाशनबाट यो सन् १९५३ मात्र प्रकाशित भयो। भारतीय नेपाली नाटक विधाको परम्परामा यसको तेस्रो स्थान छ प्रकाशनको दृष्टिकोणले। तुलसी 'अपतन'-को दोस्रो कृति एकांकी **विजय**को जन्मस्थलको बारे मा तुलसी 'अपतन' भनाइ छ। **विजय** यो टुसाएको थियो **'अपतन साहित्य परिषद'**-को १९५२ सालको वार्षिक उत्सवमा यसले गान्तोकको उत्साही युवक युवतीद्वारा केही अंश रंगमञ्चमा प्रदर्शित हुने अवसर पाएको थियो।[५१]

यसरी मानव समाजमा आएका विकृतिहरूलाई नैतिक र उत्तरदायित्वबोधको हतियारले उन्मूलन गर्दै मानवीय मूल्यबोधलाई सुदृढ़ता प्रदान गर्ने उद्देश्य निहित साहित्यिक रचनाहरूको माध्यमद्वारा तुलसी 'अपतन'-ले 'कला जीवनको लागि' भन्ने कथनलाई चरितार्थ गरेका छन्। अपतनकालदेखि नै धेरै फुटकर कविताहरूबाहेक पुस्तकाकारको रूपमा आफ्ना कृतिहरू प्रदान गरेर अपतनकाललाई स्मरणीय बनाउने उनको सफल प्रयास नेपाली साहित्यको उपलब्धि बन्नपुगेको पाइन्छ। परिषदका अरू सदस्यले त्यसताक यसरी कृतिहरू पुस्तकाकारको रूपमा प्रदान गरेर नेपाली साहित्य र साहित्यप्रेमीहरूलाई थोरै मात्र दिनसकेका छन्। यस कार्यमा भूमिका तुलसी 'अपतन'-को अग्रगण्य भूमिका रहेको देखिन्छ र यसलाई तुलसी 'अपतन'-को

४८. पदमसिंह सुब्बा 'अपतन' पूर्ववत्।

४९. पूर्ववत्।

५०. पूर्ववत्।

५१. 'तुलसी 'अपतन', 'दुई बचन' **विजय एकांकी**, श्रीमती लक्ष्मीदेवी छेत्री, १९५५

परिषदप्रतिको आस्था निष्ठा आदि मात्र सकिन्छ। अरूको प्रेरकको रूपमा पनि तुलसी 'अपतन'-को साहित्यिक व्यक्तित्व सम्मानित रहेको छ। नाम्ची स्कूलको विद्यार्थी छँदादेखि तुलसी कश्यपको साहित्यिक चेतना जाग्न थालेको पाइन्छ र त्यसको निम्ति यहाँको शिक्षक (तुलसीबहादुर छेत्री, अगमसिंह तामाङ) तथा कतिपय सहपाठीहरूको सकारात्मक परिवेश उनको लागि अनुकूल बन्नगएको थियो भन्ने भनाइ छ।[५२]

कवि रामदत्तलाल ठाकुर अथवा राम 'अपतन'-को गोर्खामा प्रकाशित प्रथम कविताको प्रसंगमा तुलसी 'अपतन'-ले भनेका कुरालाई आफ्नो कविता संग्रह **ए कलम तिम्रो मुख धोएर ल्याएको छु**-मा राम 'अपतन' यसरी सम्झना गर्छन्- "तिमी मस्तराम गाउने गर। म छाप्न लाउँदै गरौंला। ... । यदि यसरी कसैले भट्याएकोलाई सच्चाएर लेख्न सकिए त्यो पनि काव्य हुनसक्छ। अनि मजा आउँछ। भाई गाइरहँदा मैले लेखेर **गोर्खा**--मा पठाइदिएँ। यसमा उसको हृदय कता-कता पखेटिँदो रहेछ, बुझ्न सकिन्छ ,तर चाहिन्छ रेशमी धागो भगेटिने चरीलाई।"

कवि तुलसी 'अपतन' आफै एक रसिला, हँसिला र उत्साही व्यक्ति हुनाले उनी अरू साथीहरूलाई हतोत्साह भएको हेर्न मन पराउँदैनथिए। यस्ता साथीहरूलाई उनी सधैँ प्रोत्साहन दिने गर्थे। एक पटक परिषदमा शिथिलता आएको देखी पुष्पाञ्जलिमा परेको **'अपतन'** कविता रचना गरी एक गोष्ठीमा सुनाएका थिए।[५३] जसको एउटा श्लोक यस्तो छ-

> **"आँट्यो भने लौ नहुने त के छ?**
> **एक्सरे र एटोम बनीरहेछ,**
> **उड्दो छ मानीस आकाश माहाँ**
> **भन्दै असम्भव कुन? के? छ याहाँ?**

नवीन चिन्तन, राष्ट्रिय संस्कार, देशप्रेम, प्रकृतिप्रेम, उच्च मनोबल, विश्वबन्धुत्वको भावना, चारित्रिक निर्माणद्वारा मानवीय व्यक्तित्वको विकास गर्ने सिर्जनात्मक भाव भएका रचनाहरू, कवितात्मक अभिव्यक्तितर्फ तुलसी 'अपतन'-को प्रयास रहेको पाइन्छ। त्यसैकारण सिक्किमको त्यस समयको वातावरणमा देशप्रेम, जातिप्रेम, भाषाप्रेम, शिक्षाप्रेमले प्रेरित भई आत्मोन्नति, देशोन्नति, भाषोन्नति, जात्युन्नति जस्तो विषयलाई आफ्नो लेखनको मर्म बनाउने तुलसी 'अपतन'-को कोशिश रहेको पाइन्छ। त्यसैले उनको व्यक्तिचैत्यन्य टड्कारो हुनगएको पाइन्छ। यस सन्दर्भमा कवि तुलसी 'अपतन'-कै भनाइ सान्दर्भिक लाग्छ-"यसरी

५२. दशरथ खरेल, 'महाकाव्यकार तुलसीराम शर्मा 'कश्यप' र उनको साहित्यिक योगदान', (सम्पादक: प्राध्यापक दशरथ खरेल), स्मारिका, नेपाली साहित्योत्सव २०००, नाम्ची, दक्षिण सिक्किम, १४-१५ मार्च २०००, पृष्ठ ६७.

५३. पदमसिंह सुब्बा, दुई शब्द 'इन्द्रकील पुष्पाञ्जलि' (सम्पादक: श्री शिवनाथ मिश्र औ श्री तुलसी बहादुर छेत्री), द्वितीय संस्करण, आँकुरा प्रकाशन, गान्तोक, (यथासम्भव.... १९९..)

नेपाली भाषाको सेवा, शिक्षा-सेवा र साहित्य-सेवा मेरो जीवनमा अभिन्न रूपमा रह्यो। मैले सदैव यी तीनवटा विषयमा आफूलाई केन्द्रित गरिराखे।''[५४]

आजको सिक्किमको परिस्थिति, वातावरण विषय सुनेर-देखेर कवि तुलसी 'अपतन' आफू लगायत आफ्ना सहकर्मीहरूका सत्प्रयासमा गठित **'अपतन साहित्य परिषद'**-को योगदान विषय गर्वित भएको कुरो गर्छन्।उनकै शब्दमा-''सिक्किममा आज जात-जाति एक भएर बढ्दैछन् त्यसको पछाडि अपतनको भूमिका केही न केही अंशमा भएजस्तो लाग्छ। सिक्किममा आज भानु जयन्ती जुन रूपमा मनाइन्छ त्यसमा पनि अपतनको भूमिका निहित छ र सिक्किममा साहित्य समृद्धि दिशामा छ भन्ने सुन्दा-जान्दा हिजोको 'अपतन' औचित्यपूर्ण रहेछ भन्ने लाग्छ। यी सब सम्झँदा मलाई सार्थक जीवन बाँचेको अनुभूत भइरहेछ।''[५५]

संक्षेपमा भन्नुपर्दा तुलसी 'अपतन' **'अपतन साहित्य परिषद'**, सिक्किमका संस्थापक सदस्य मात्र नभएर, मूलस्तम्भ थिए, सक्रिय कर्मी थिए र उनले यस संस्थाको माध्यमबाट सिक्किममा नेपाली साहित्यको घडेरी निर्माण गरेका थिए अनि जनतामा भाषा-साहित्य संस्कृतिको प्रेमभाव जगाउन सकेका थिए।

३:३ तुलसी 'अपतन' र नेपाली साहित्य सम्मेलन

३.३.१ दार्जीलिङमा नेपालीहरूको बसोबासो

दार्जीलिङमा नेपालीहरूको बसोबासो कहिलेदेखि भएको हो भन्ने प्रश्नको उत्तर निश्चित रूपले भन्न नसकिए तापनि सन् १८३९ भन्दा अघिदेखि नै यहाँ नेपालीहरूको बसोबासो रहिआएको कुराको उल्लेख क्याम्पबेलले गरेका छन् र यो कुरा ग्याजेटियरमा पनि लिपिबद्ध छ।[५६] क्याम्पबेलले दार्जीलिङमा कचहरी स्थापित गरेपछि मुर्शिदाबादबाट तारकेश्वर मजुमदारलाई किरानी बनाई ल्याएका थिए भने केही उत्तरदायी कारिन्दा नेपालीहरू पनि थिए। किशनगञ्जबाट एकजना अङ्ग्रेज अधिकारीले दार्जीलिङ कचहरीमा नोभेम्बर १८४० मा लेखेको एउटा चिट्ठीमा पच्चीस हजार कम्पनी रुपियाँको जिम्मा लगाई शिवराज थापा सुबेदारलाई दार्जीलिङ पठाएको सूचना छ। दार्जीलिङ कचहरीमा १८४१ सम्म चलेको अधिनियममा भारी बोक्ने मजदूरको

५४-५५. तुलसीबहादुर छेत्री, 'मेरो जीवनसँग सिक्किमको साइनो', **भानु** (सिक्किम विशेषाङ्क, सम्पादक: भवानी घिमिरे), भानु प्रकाशन, वर्ष ४२, पूर्णाङ्क ८६ काठमाडौं, २०६२, वैशाख, पृष्ठ २२०, २२२.

५६. कुमार प्रधान, **'पहिलो प्रहर'**, श्याम प्रकाशन, दार्जीलिङ नवम्बर १९८२, पृष्ठ १९.

निम्ति अङ्ग्रेजीमा व्यवहृत 'कुल्ली' शब्द प्रयोग गरिएको पाइन्छ।[५७] यसबाहेक दार्जीलिङको सुरक्षा साथै बाटाघाटा मरम्मतीको निम्ति गठित 'सबन्डी स्यापर्स'-मा पनि अधिकांश नेपालीहरू रहेको कुरा गरेका छन् कुमार प्रधानले।[५८]

गाँस र बासको निम्ति विदेशिनु बाध्य भएका नेपालीहरू सन् १९१४ देखि नै ब्रिटिश-भारतको सेनामा भर्ना लिएर परअस्तित्व रक्षार्थ आफ्नो वीरत्व खर्चिनथालेको इतिहासले बताउँछ। अघिदेखि नै अङ्ग्रेजको नजरमा परेको सुन्दर, शान्त दार्जीलिङक्षेत्रको विकास कार्य शुरू हुँदा विभिन्न प्रकारका काम-धन्धा गर्न नेपालबाट नेपालीहरू आउनथाले। आफ्नै देशको शोषणबाट छुटकारा खोज्ने नेपालका नेपालीहरूका निम्ति त्यसताक मुगलान, विशेष दार्जीलिङ एउटा विकल्प थियो। सन् १८४८ मा दार्जीलिङ घुम्न आउने विख्यात उद्भिद्शास्त्री हुकरले "दार्जीलिङमा ब्रिटिशका प्रजा भई धेरै नेपालीहरू बस्छन्, तिनीहरूमा धेरजसो आफ्नो देशबाट भागेनेहरू छन् जहाँ फर्केर गए जमीन्दारहरूले फेरि पक्रनेछन् भनी तिनीहरू त्रस्त छन् भन्ने कुरा गरेका छन् भन्ने कुरा कुमार प्रधानले उल्लेख गरेको पाइन्छ।[५९]

शुरूदेखि नै दार्जीलिङको जलवायु, व्यापार, चियाकमान एवम् सिन्कोना बगानको बढ्दी मजदूरीद्वारा आकर्षित भएर यहाँ रैथाने हुनआउने जनसंख्याको पचास प्रतिशत नेपालीहरू थिए।[६०] ए० जे० ड्यायासले सन् १९४७ को गेजेटियरमा दार्जीलिङमा "अरू पहाड़वासीभन्दा नेपाली बाहुल्य छ अनि यी पहाड़वासीहरू जातिहरू जिल्लाको मोठ जनसङ्ख्यामा ९४% छन्; यो कुरा १९४१ को जनगणनामा सम्प्रदायहरूलाई सापेक्षिक गुरूत्व दिने पद्धतिले लुकाएको छ।" भनेका छन् भन्ने कुरा कुमार प्रधानको भनाइ रहेको पाइन्छ।[६१]

३.३.२ दार्जीलिङमा नेपाली भाषाको प्रयोग र पठन-पाठनको शुरू

कुनै पनि भाषा-साहित्यको विकास, नवीन मोड़ र यसका विशेषताहरूको सठीक मूल्याङ्कन गर्नका निम्ति यसको ऐतिहासिकता वा परम्पराको अध्ययन आवश्यक छ। भारतीय नेपाली जातिको अस्तित्वलाई टेकासो दिने, यस जातिको जीवन्ततालाई प्रमाणित गर्ने संस्था **नेपाली साहित्य सम्मेलन**, दार्जीलिङबारे जान्नका निम्ति दार्जीलिङमा नेपाली भाषाको प्रयोग र पठन-पाठनको बारे जान्नु आवश्यक हुन्छ।

५७-५९. कुमार प्रधान, **पहिलो पहर**, पूर्ववत्, पृष्ठ....

६०. इ० सी० डोजी, '**ए कन्साइस हिस्ट्री अफ द दार्जीलिङ डिस्ट्रिक्ट सिन्स १८३५**, २ एडी सन् १९२२, जेट्सन पब्लिसिङ हाउस, पृष्ठ ३९.

६१. कुमार प्रधान, **पहिलो** पहर, पूर्ववत्, पृष्ठ....

(अ) दार्जीलिङमा नेपाली भाषाको प्रयोग

दार्जीलिङको शहर-बजार, छाउनी अनि चियाबारीमा बस्ने नेपालीहरू बोलचालको भाषाको रूपमा सन् १८३९ को छेउछाउदेखि नेपाली भाषाको प्रयोग गर्दथे भन्ने प्रमाणहरू छन्।[६२] सन् १८४१ मा धर्मप्रचारको निम्ति आउने मिशनरी विलियम स्टार्टले र १८४२ मा आउने सी० जी० निबेलले अनि अरूले पनि धर्म प्रचारको सुविधाको निम्ति पहिले भाषा अध्ययन र कोश तयार पार्ने काम गरेको उल्लेख पाइन्छ। यहाँ सी० जी० निबेलले "मिशनको मुख्य ध्येय लाप्चेहरूलाई धर्म परिवर्तन गराउन थियो अत: त्यो भाषामा र साथै नेपालीमा कोश बनाइएका छन। लाप्चे भाषामा जेनेसिस (उत्पत्ति), एक्सोडस (प्रस्थान)-को अंश अनि मेथ्यू, मार्क र जोनका सुसमचार अनूदित भई धेरै प्रकाशित पनि भएका छन्। नेपालीमा ल्युक्को सुसमाचार र एक्ट्स (प्रेरितको कर्म) उल्था गरिएका छन्। यी बाहेक लाप्चे र नेपाली दुवैमा पर्चाहरू बाँड़िएका छन्।भनेर कुमार प्रधानले उल्लेख गरेका छन्।"[६३]

सन् १८७८ तिर दार्जीलिङमा नेपाली भाषाको प्रयोग र प्रचलन बढ्दै गएको थियो र एउटा बृहत नेपाली समाज बनिसकेको थियो भन्ने पनि विद्वानहरूको भनाइ छ।[६४] अत: उपलब्ध तथ्य एवम् प्रमाणहरूका आधारमा दार्जीलिङमा ईशाको उन्नाइसौं शताब्दीको पूर्वार्द्धदेखि नै नेपाली भाषाको प्रयोग-प्रचलन हुँदैआएको हो भन्न सकिन्छ। यसरी विभिन्न जात-जातिका नेपाली मानिसहरू आपस्तमा आ-आफ्नै भाषा बोले तापनि बाहिरी व्यवहारमा पनि नेपालीको प्रयोग बढ्दैगयो। हाट-बजार, कमान-बस्ती, छाउनी र गारदतिर मिलेर काम गर्ने ठाउँमा नेपाली भाषाको प्रयोगले प्राथमिकता पाउन थाल्यो।

(आ) दार्जीलिङमा नेपाली भाषाको पठन-पाठनको शुरू

दार्जीलिङ जिल्लामा नेपाली भाषाको प्रयोग-प्रचलन सन् १८४० कै छेउछाउबाट हुँदै आए तापनि र उन्नाइसौं शताब्दीको उत्तरार्द्धतिर दार्जीलिङमा पादरी म्याकफर्लेनले हिन्दी भाषाको माध्यमद्वारा स्थानीय मानिसहरूलाई शिक्षा दिने काम आरम्भ गरेका थिए तापनि नेपाली भाषा-भाषी विद्यार्थीहरूको सङ्ख्या बढ़ी भएकाले पादरी टर्नबुलको व्याकरण प्रकाशित भएपछि मिशनरी स्कूलहरूमा नेपाली भाषा भर्नाकुलरको

६२-६४. डा० कुमार प्रधान, पूर्ववत्, पृष्ठ २३ एवम् २८-२९

रूपमा पढ्ने-पढ़ाउने कुराको सोच र बिचार हुनथालेको र सन् १९०७ देखि नेपाली पढ्न-पढ़ाउन थालिएको पाइन्छ।[६५]

लोचनगर, दार्जीलिङमा पादरी म्याकफर्लेनले एउटा प्रेस चालू गरेर बाइबल सम्बन्धी पत्र-पत्रिका र पुस्तिकाहरू नेपाली भाषामा प्रकाशित गरेका थिए। पछि यही प्रेसलाई गोर्खा प्रेस नाम दिई सन् १९०१ देखि पादरी गंगा प्रसाद प्रधानले **गोर्खे खबरकागत** नेपाली भाषामा प्रकाशित गरेका थिए।

दार्जीलिङमा नेपाली भाषा-भाषी जनताको सङ्ख्या क्रमशः बढ्दै जाँदा नेपाली विद्यार्थीहरूको सङ्ख्या पनि बढ्दैगएको थियो। त्यसैले सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान प्रभृति विद्वान एवम् नेपाली भाषा-साहित्यप्रेमी, सेवीहरूले दार्जीलिङका स्कूलहरूमा नेपाली भाषा-साहित्यको पठन-पाठन सम्बन्धी विषयलाई लिएर बङ्गाल सरकार एवम् कलकत्ता विश्वविद्यालयसँग सम्बन्ध-सम्पर्क गर्दै जाँदा सन् १९१८ का २४ जुलाईका दिन बङ्गाल सरकारले प्रवेशिका (मेट्रिक), आइ० ए०, बी० ए० परीक्षासम्म नेपाली भाषा साहित्य पढ्न पाउने कुरा सरकारी विज्ञप्तिद्वारा घोषणा गरेको थियो र कलकत्ता विश्वविद्यालयले पनि त्यसलाई स्वीकृति दिएको थियो। फलस्वरूप सन् १९१९ को अप्रेलका दिन सरकारी उच्चविद्यालयमा नेपाली विषय पढ़ाउनका निम्ति पं० धरणीधर शर्मालाई नियुक्ति दिइएको थियो। यसरी दार्जीलिङका स्कूलहरूमा नेपाली भाषा-साहित्य पढ्ने पढ़ाउने औपचारिक काम शुरू भएको जानकारी पाइन्छ।[६६]

उक्त सरकारी विज्ञप्तिको आधारमा कलकत्ता विश्वविद्यालयले म्याट्रिक परीक्षाका निम्ति निम्नलिखित पुस्तकहरूलाई स्वीकृत गरेको थियो-

१.	गोर्खा ब्याकरणबोध-	विश्वमनि आ० दी०, कलकत्ता।
२.	शकुन्तलोपाख्यान-	प० हरिहर आ० दी०, गोर्खा भाषा प्रचारक मण्डली, बम्बई।
३.	विदुला पुत्र संवाद-	ऐजन।
४.	मेरिना चरित्र-	प्रभाकर कम्पनी
५.	संक्षिप्त रामायण-	राममणि आ० दी०
६.	भारतवर्षको इतिहास (नेपालीमा)	-आर० सी० मजुमदार, अनुवादक विज्ञान विलास[६७]

६५. सम्पादकीय, **दियालो**, वर्ष ९, हाँगो २५, नेपाली साहित्य सम्मेलन, दार्जीलिङ, मई-जून, १९६९.

६६. डा० पारसमणि प्रधान, 'सर पर्सिभल ग्रिफित्स र नेपाली भाषाको माध्यम' **डा० पारसमणि अभिनन्दन ग्रन्थ परिशिष्टाङ्क** (प्रधान सम्पादक: शिव प्रधान, गान्तोक प्रकाशन, गान्तोक सिक्किम, १९८५, पृष्ठ ९२)

६६. रामलाल अधिकारी, 'पश्चिम बंगाल र सिक्किममा शिक्षण संस्थानहरूमा नेपाली भाषा शिक्षण माध्यमका रूपमा यसको प्रयोग', **निर्माण**, (प्रमुख सम्पादक: पवन चामलिङ 'किरण'),रजत जयन्ती अङ्क, वर्ष २५ अङ्क ३७, निर्माण प्रकाशन, नाम्ची, जून २००२, पृष्ठ १९६.

३.३.३ नेपाली साहित्य सम्मेलनको पूर्ववर्ती र समकालीन भारतीय नेपाली साहित्यको गतिविधि

आजसम्मको प्राप्त जानकारी अनुसार भारतेंली नेपाली भाषा-साहित्यको उद्‌गम स्थल बनारसलाई नै मान्नुपर्ने देखिन्छ। सन् १८७१ मा प्राथमिक शिक्षा प्राप्त गर्न बनारस आउने मोतीराम भट्टलाई छात्रावासमा नै भारतेन्दु हरिश्चन्द्रको साहित्यिक व्यक्तित्वले प्रभाव पारेको थियो। फलस्वरूप भट्टजीले ४०० जति उर्दू शायरी रचना गरेर आफ्नो प्रतिभा प्रदर्शन गरेका थिए। पछि सन् १८८१ मा पुन: बनारसमा आएर आफ्नो पहिलो काव्यात्मक कृति **मनोद्वेग प्रवाह**को प्रथम संस्करण प्रकाशित गरे। त्यसताक नेपाली भाषा र साहित्यको सेवामा लागिपर्ने महानुभावहरूमा प्रेमलाल काफ्ले र तेजबहादुर राणा पनि बनारसमा थिए जसको सहयोगमा सन् १८८४ मा भट्टजीले आदिकवि भानुभक्तको **बालकाण्ड रामायण** प्रकाशमा ल्याएका थिए र पछि साथै सन् १८८७ मा सम्पूर्ण **रामायण** पनि बनारसबाट नै प्रकाशित गराएका थिए।

कुनै पनि भाषा-साहित्यको विकासलाई क्रमिकता दिनमा प्रकाशनको ठूलो भूमिका हुन्छ। सन् १८८७ मा नै रामकृष्ण वर्माका सहयोगमा स्वयं प्रबन्धक भई भट्टजीले **भारत जीवन** प्रेसको स्थापना गरेर नेपाली पत्र-पत्रिकाको परम्परामा पहिलो माइल खुट्टी मानिइने **गोर्खा भारत जीवन** नामको नेपाली पत्रिका प्रकाशित गरे। त्यसताक बनारसमा भट्टजीका संसर्गमा आउने नेपाली भाषा-साहित्यप्रेमी सज्जनहरूमध्ये पद्म विलास पन्त, काशीनाथ, रंगनाथ, चेतसिंह र तेजबहादुर राणाहरूको नाउँ लिन सकिन्छ, एउटा भिन्न मण्डलीमा गठन गरेर भट्टजीले समस्यापूर्तिको प्रचलन शुरू गरेका थिए। फलत: शृंगार रसमा सजिएका हास्य रसमा मुस्काएका र भक्तिरसमा चुर्लुम्म डुबेका कविताहरू मोतीराम भट्टले रचना गरेका थिए।[६७]

भट्टजीले **भानुभक्तको जीवन चरित्र** प्रकाशित गरेर नेपाली साहित्यमा समालोचना विधाको परिचयात्मक रूप दिने काम गरेका छन्। कृष्णचन्द्रसिंहका विचारमा मोतीराम भट्ट उक्त सन्दर्भलाई विस्तार दिने प्रचेता हुन्, साहित्यिक आलोचना विधाको जग बसाल्ने अग्रिम संकेत ध्वनि र विधि शोधक हुन्।[६८]

---

६८. एच० बी० नवपानीय, **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि** नेपाली साहित्य अध्ययन समिति , प्रकाशन विभाग, कालिम्पोङ, सन् १९६८

६९. कृष्णचन्द्रसिंह प्रधान, 'नेपाली आलोचना साहित्यमा मोतीरामको स्थान' **मोती स्मृति ग्रन्थ,** (प्रधान सम्पादक: श्री रमा शर्मा), नेपाली शिक्षा परिषद, काठमाडौं, वि० स० २०३९, पृष्ठ ६२.

यसै सन्दर्भमा दार्जीलिङबाट लहरी लेखन परम्परालाई परिचित गराउने सन्त ज्ञान दिलदासको **उदयलहरी** उल्लेख्य छ। **मणिपूरको सवाई** लेख्ने (१८९२) तुलाचन आलेले पनि त्यसताकको नेपाली साहित्यिक वातावरणलाई सजीवता दिने प्रयास गरेको पाइन्छ पूर्वाञ्चलबाट यसरी नै यस्ता प्रयासहरू अरू लेखकहरूबाट पनि भएको पाइन्छ।

नेपाली भाषा-साहित्यको प्रचार-प्रसार, संरक्षण-सम्बर्द्धनलाई आफ्नो प्रमुख कर्तव्य सम्झने पं० धरणीधर कोइरालाको कवितामा सरल, सहज भाषामा सुधारात्मक विचार अनि जागृतिको स्वर घन्कन सकेको पाइन्छ। सुधारात्मक भावधारा र मानवीय मूल्यहरूको संरक्षणको भावनात्मक अभिव्यक्तिले त्यसताक पारसमणि प्रधानका कविताहरू, मानवोपयोगी, समाजोपयोगी र जीवनमुखी रहेका पाइन्छन्। त्यसबेला झ्याउरे छन्दले पनि कवितामा प्रश्रय पाएको प्रमाणहरू प्राप्त छन्।**प्रेमलहरी** जस्ता लहरीकाव्यहरूलाई उदाहरणका रूपमा अघि सार्न सकिन्छ। साहित्यको माध्यमद्वारा जाति, भाषा, संस्कृतिको अस्मितालाई सुदृढ बनाउन त्यससमयका साहित्य सर्जकहरू बढ़ी जागरूक, र तत्पर रहेको पाइन्छ।

३.३.४ नेपाली साहित्य सम्मेलनको स्थापना

कुनै विशेष समस्या, परिस्थितिको चपेटले मानिसलाई स्वअस्तित्त्व, अस्मिताको खोजी र प्राप्तिको कामनातिर सचेत र अग्रसर गराउने गरेको तथ्य मानव इतिहासको एउटा सिंगो पक्ष हो। प्रथम विश्वयुद्धको विध्वंसको हाहाकारले नेपाली जाति पनि विदेशी शासनबाट मुक्त हुन मात्र होइन आफ्नो अस्तित्व र अस्मिताको संरक्षणका लागि छटपटाउन लागेका, प्रयत्नशील भएको पाइन्छ अनि यसका निम्ति भाषा र साहित्यको प्रचार-प्रसार र विकासको निम्ति पाइला चाल्न थालेको बुझिन्छ।

बनारसबाट सन् १९०६ मा **सुन्दरी**, सन् १९०८ मा **माधवी**, सन् १९१४ मा **चन्द्र**, सन् १९१५-१६ मा **गोर्खाली** र खरसाङबाट सन् १९१८ मा **चन्द्रिका** पत्रिका प्रकाशित हुनथालेका थिए। उपनिवेशवादी अङ्ग्रेजहरूद्वारा शासित भारतीयहरूमा स्व-अस्तित्वबोधले ल्याएको जागरूकतालाई राष्ट्रपिता महात्मा गान्धीको सबल नेतृत्वले एउटा दिशा निर्देश गर्ने काम शुरू गरेको पाइन्छ त्यतिबेलासम्म। यस्तो वातावरणमा अस्तित्व र अस्मिताको खोजी र संरक्षणको आवश्यकताले जन्माएको भारतेली नेपालीहरूको साझा मञ्चको रूपमा दार्जीलिङमा **'नेपाली साहित्य सम्मेलन'**-को स्थापना २५ मई १९२४ मा हुनगएको पाइन्छ।

२५ मई १९२४ को दिन सायंकाल दार्जीलिङको हिन्दु पब्लिक हलमा श्री हरिप्रसाद प्रधान, बी० ए० को अध्यक्षतामा आयोजित एउटा साधारण सभामा पं० धरणीधर शर्मा, सूर्यविक्रम ज्ञवाली, श्री पारसमणि

प्रधान, रेभ० कालुसिंह पिटर्स, श्री अगमसिंह गिरी, श्री डम्बरसिंह गुरूङ, श्री सुखरञ्जन बोस आदि २५० जति भाषा–साहित्यप्रेमी सज्जनवृन्द उपस्थित भएका थिए। त्य सभामा सभापति श्री हरिप्रसाद प्रधान, उपसभापति श्री कृष्ण प्रसाद उपाध्याय र पं० धरणीधर शर्मा औ मन्त्री श्री सूर्यविक्रम ज्ञवाली र श्री पारसमणि प्रधान सर्वसम्मतिले चुनिए। यसरी **'नेपाली साहित्य सम्मेलन'**-को स्थापना भएको थियो। यस कार्यमा माथि उल्लेख गरिएका संस्थापक सदस्यहरू लगायत अरू उत्साही नेपाली–अनेपाली सज्जनवर्गको अविस्मरणीय भूमिका रहेको छ। जाति, भाषा र साहित्य–प्रेमले सचेत र उत्साहित ती सज्जनवृन्दलाई ब्रिटिश शासनको शंकालु दृष्टिले पनि अवरोध खड़ा गर्न सकेन। उनीहरूले संस्थागत रूपमा एकजुट हुने निश्चय गरेरै छोड़ेका थिए। यसरी **नेपाली साहित्य सम्मेलन**, दार्जीलिङको स्थापना विश्वकै नेपालीहरूका निम्ति अत्यन्त महत्वको विषय बनेको थियो।[७०]

"...तर मेरो ता सम्मेलन अखिल भारतीय रूपमा गराउने विचार थियो; त्यो सम्भव भएन। त्यसैले सम्मेलन स्थापित गरेको दुई–तीन वर्षपछि (२७.७.१९२७) सो विचार रद्द गरी सम्मेलनको नामबाट अखिल भारतीय शब्दहरू हटाइए औ केवल **नेपाली साहित्य सम्मेलन** नाम राखियो।"[७१] भनी सूर्यविक्रम ज्ञवालीले भनेका छन् भनिएको छ।

"साह्रै हीना गलित वेदना शोकले ढाकिएकी
रोई–रोई छटपट गरी काल पर्खिरहेकी
छोरा–नातीहरू सब गरी क्लेशले भई निराशा
बस्ने वृद्धा सरि हजुरको भेष भो मातृभाषा।"

२५ मई १९२४ को दिन हिन्दु पब्लिकहल, दार्जीलिङमा बसेको सार्वजनिक सभामा त्यस सभाका सभापति राई साहेब हरिप्रसाद प्रधानले आफ्नो भाषणमा पाठ गर्नुभएको सूर्यविक्रम ज्ञवालीले बनारस छँदा नै लेख्नुभएको कविताको उक्त अंशले तत्कालीन नेपाली भाषा–साहित्यको दयनीय अवस्थाको चित्रात्मक प्रस्तुति दिन्छ भने यसको उद्धार र विकासमा कटिबद्ध भई अग्रसर हुने उद्देश्य र आह्वानको प्रतिफल नै **'नेपाली साहित्य सम्मेलन'**-को स्थापना हो भन्न सकिन्छ।

३.३.५. नेपाली साहित्य सम्मेलनको उद्देश्य

कुनै पनि जातिको अस्तित्व र अस्मिताको संरक्षणको निम्ति भाषा–साहित्य र संस्कृतिको विकास र

---

७०. डा० जगत छेत्री, 'नेपाली साहित्य सम्मेलन, दार्जीलिङ', (सम्पादक: डा० मोहन पी० दाहाल, **हाम्रा संस्था एक परिचय** परिवर्द्धित र संशोधित संस्करण) प्रकाशक: नेपाली साहित्य प्रचार समिति, सिलगढ़ी, सन् १९९६, पृष्ठ ४८.

७१. जगत छेत्री 'नेपाली साहित्य सम्मेलनलाई सूर्यविक्रम ज्ञवालीको देन', **दियालो** (प्रधान सम्पादक: रामलाल अधिकारी), वाङमय विशेषाङ्क, वर्ष २२, हाँगो १०० फागुन २०४०, फरवरी १९८४ पृष्ठ १३३.

संरक्षण अनिवार्य हुने कुरो बुझेर नै भारतीय नेपालीहरूले विभिन्न संघ-संस्थाहरूको स्थापना गर्ने क्रममा २५ मई १९२४ मा स्थापित **'नेपाली साहित्य सम्मेलन'**, दार्जीलिङको स्थापना गरेका थिए। सम्मेलन स्थापना भएको २ महिनापछि २६ जुलाई १९२४ को कार्य संचालन समितिको सभामा निम्नलिखित उद्देश्यहरू निश्चित गरी पारित गरेका थिए:

(१) नेपाली साहित्यको प्रचार तथा उन्नति गर्ने।

(२) नेपाली-भाषाकोमौलिक वा अनूदित उत्तम-उत्तम ग्रन्थहरू प्रकाशित गर्ने।

(३) समय-समयमा भिन्न-भिन्न स्थानमा अधिवेशन गरी नेपाली साहित्यको कसरी उन्नति तथा प्रचार हुन्छ, विचार गर्ने।

(४) जनताको नेपाली साहित्यप्रति प्रेम उत्पन्न गराउनलाई

(क) समय-समयमा साना-साना पुस्तिकाहरू प्रकाशित गर्ने,

(ख) मासिक, पाक्षिक वा साप्ताहिक पत्र प्रकाशित गर्ने,

(ग) समय-समयमा वाद-विवाद वा व्याख्यान आदि गराउने।

(५) विभिन्न भाषा तथा साहित्य अध्ययन गर्ने तथा तत्सम्बन्धी उत्तम-उत्तम साहित्य नेपाली भाषामा प्रकाशित गर्ने।

(६) नेपालीको प्राचीन इतिहास, सभ्यता इत्यादि अध्ययन गर्ने औ तत् सम्बन्धी ग्रन्थ प्रकाशित गर्ने।

(७) नेपाली भाषाको प्राचीन साहित्य अन्वेषण गर्ने, अनि

(८) जुन उपायले हुन्छ नेपाली भाषाको उन्नति गर्न-गराउन चेष्टा गर्ने।

१६ सेप्टेम्बर १९३१ को सभामा सम्मेलनको संविधानको मसौदा पनि तयारी गरियो। यसरी **'नेपाली साहित्य सम्मेलन'**-को स्थापना सँगै यसको कार्य सञ्चालन गर्ने दिशा निर्देश पनि गरिएको थियो।

३.३.६ नेपाली साहित्य सम्मेलनका कार्यहरू

(अ) प्रकाशन कार्य:

२५ मई १९२४ मा स्थापित नेपाली साहित्य सम्मेलनको मुखपत्रको रूपमा डिसम्बर १९३१ देखि 'नेपाली साहित्य सम्मेलन पत्रिका' प्रकाशित भयो। सम्मेलनको क्रियाकलापमा शिथिलता आएका कारणले आठ अङ्कसम्म मात्र प्रकाशनमा आउनसक्यो। सन् १९५९ को अन्ततिर पं० धरणीधर शर्मा नेपाल

फर्कनुभएकोले तुलसी 'अपतन'-लाई नै सम्मेलनको सभापतिको भार दिइयो। पुनर्गठित समितिले सन् १९५९ देखि नै नेपाली **नेपाली साहित्य सम्मेलन** पत्रिकाको नाम **दियालो** राखियो र यो **दियालो** पत्रिका त्रयमासिक रूपमा प्रकाशन गर्न शुरू गऱ्यो।[७२]

२७.७.१९२४ को सभामा नेपाली साहित्य सम्मेलनको पाठ्य पुस्तक प्रकाशिनी समितिका निम्ति ७ जना सदस्यहरूको एउटा पाठ्यपुस्तक समिति गठित भयो, जसमा पं० धरणीधर शर्मा पनि एक सदस्य थिए। सम्मेलनको ज्ञान पुस्तकमाला अन्तर्गत सन् १९२५ मा पं० धरणीधर शर्माको कविता सङ्ग्रह **नैवेद्य**-को दोस्रो संस्करण प्रकाशित भयो। यस सङ्ग्रहको तेस्रोदेखि सोह्रौं संस्करण क्रमशः सन् १९३७, १९४२, १९४२, १९५२, १९७४, १९७५, १९७७, १९७९, १९८१, १९८३, १९८६, १९८८, १९९२, र १९९४ मा सम्मेलनबाट नै प्रकाशित भएको पाइन्छ।

अर्का संस्थापक सदस्य सूर्यविक्रम ज्ञवालीको **राम शाहको जीवनी** सन् १९३३ मा सम्मेलनबाट प्रकाशित भयो। त्यही साल उनको **द्रब्यशाहको जीवनी, पृथ्वीनारायण शाहको जीवनी** (१९३५) **बीर बलभद्र** (१९४०), **नेपाली वीरहरू** (१९४०), **कवि भानुभक्तको जीवन चरित्र** (सन् १९२७ मै ज्ञवालीद्वारा सम्पादित भई) सम्मेलनबाटै प्रकाशित भएका देखिन्छन्। **भानुभक्तको जीवन चरित्र**-को दोस्रो संस्करण पनि सम्मेलनबाट नै प्रकाशित भयो। यसबाहेक ज्ञवालीद्वारा रचित र सम्पादित निम्नलिखित कृतिहरू पनि सम्मेलनबाट नै प्रकाशित भएका पाइन्छन्। **नेपाली भाषाका विकासको संक्षिप्त इतिहास** (१९३८), **कथा-कुसुम** (सम्पादित, १९४०), **भानुभक्त-स्मारक-ग्रन्थ** (सम्पादित, १९४०), **पारेघर्तीको पुरुषार्थ** (अनुवाद) अनि **डाकघर** (अनुवाद)।

सन् १९३२ मा भानुभक्तको **सातकाण्ड रामायण**-को संशोधित एवम् दोस्रो संस्करण, सन् १९३५मा पं धरणीधर शर्माद्वारा सरल नेपालीमा लेखिएको **श्रीमद्भागवतको टीका**, १९३५ मा नै रूपनारायण सिंहको **भ्रमर** उपन्यास, भानुभक्तको **बधूशिक्षा** मोतीरामको **कवि भानुभक्त आचार्यको जीवन चरित्र**, महानन्द सापकोटाको **मन लहरी**, सन् १९४८ मा लैनसिंह बांङदेलको उपन्यास **मुलुक बाहिर** अनि १९४९ मा विश्वेश्वर प्रसाद कोइरालाको **दोषी चश्मा** सम्मेलनबाट प्रकाशित हुन सकेका देखिन्छन्। यिनीहरूका अतिरिक्त अरू धैरै साहित्यिक कृति र पाठ्यपुस्तकहरू पनि सम्मेलनबाट प्रकाशित भएको देखिन्छन्। सन् १९९३ मा कवि तुलसी 'अपतन'-को **बुद्धिबँगारो** (मिनी खण्डकाव्य सङ्ग्रह)-को प्रकाशन पनि सम्मेलनबाटै हुन सकेको देखिन्छ।

---

७२. जगत छेत्री, 'नेपाली साहित्य सम्मेलनको १९२४ देखि १९८१ सम्म ५७ वर्षको संक्षिप्त इतिहास', **स्मारिका**, नेपाली साहित्य सम्मेलन, दार्जीलिङ, साहित्य सम्मेलन प्रकाशन, दार्जीलिङ, १४ र १५ नोभेम्बर १९८१, पृष्ठ २३-२४

(आ) विविध कार्यहरू

त्यसबेला नेपाली भाषालाई 'पर्वते भाषा', 'पहाडे भाषा', 'गोर्खा भाषा' आदि भन्ने गरिन्थ्यो, लेखिने गरिन्थ्यो। सन् १९३३ मा सम्मेलनका तर्फबाट कलकत्ता विश्वविद्यालयका तत्कालीन भाइसचान्सलरलाई एउटा स्मारक पत्र पठाएर 'पहाडे भाषा', 'पर्वते भाषा', 'गोर्खा भाषा' आदिको नाम परिवर्तन गरेर 'नेपाली भाषा' लेख्ने आग्रह गरिएको थियो। कलकत्ता विश्वविद्यालयले त्यसलाई स्वीकृति दियो र त्यसै बेलादेखि नेपाली भाषालाई 'पहाडे भाषा', 'पर्वते भाषा', 'गोर्खा भाषा' आदि नभनेर नेपाली भाषा भन्ने, लेख्ने चलन शुरू भयो।

सम्मेलनले भाषा-साहित्यका सेवकहरूलाई पुरस्कार आदि प्रदान गरेर सम्मानित र प्रोत्साहित गर्ने काम पनि गर्दै आएको छ।

३.३.७ तुलसी 'अपतन' र नेपाली साहित्य सम्मेलन

गान्तोकको सर टासी नामग्याल उच्च विद्यालयको शिक्षक छँदा सिक्किममा नेपाली भाषा र साहित्यको सेवा गर्ने उद्देश्यले **'अपतन साहित्य परिषद'** गठन गर्न अग्रगण्य भूमिका निर्वाह गर्ने तुलसी 'अपतन' गान्तोकबाट सन् १९५३ मा दार्जीलिङ सरकारी महाविद्यालयको नेपाली विभागमा नेपाली पढाउने शिक्षकको रूपमा आएपछि पनि उनले भाषा-साहित्यको सेवामा आफूलाई संलग्न गराएका थिए। दार्जीलिङमा नेपाली भाषा-साहित्यको सेवा, सम्वर्द्धन गर्नको निम्ति उनले **'नेपाली साहित्य सम्मेलन'**, दार्जीलिङ जस्ता संस्था पाएका थिए। **'नेपाली साहित्य सम्मेलन'**-मा उनले मूलत: लेखक, सभापति एवम् सम्पादकका रूपमा यस संस्थाको र भाषा-साहित्यको सेवा गरेको देखिन्छ:

(अ) कवि-लेखकका रूपमा

गान्तोकमा हुँदै **'अपतन साहित्य परिषद'**-को स्थापना गरेर र **'इन्द्रकील पुष्पाञ्जलि'** कविता सङ्ग्रहमा आफ्ना कविताहरू प्रकाशित गरेर, आफ्नो खण्डकाव्य **'बापू बन्दना'** अनि **'कमल'** जस्ता नाटक प्रकाशित गरेर नेपाली साहित्य जगतमा परिचित भइसकेका तुलसी 'अपतन'-ले दार्जीलिङमा आएपछि **नेपाली साहित्य सम्मेलन**-को पत्रिका **दियालो**-को हाँगो १-मा नै 'मातृभाषा' शीर्षकमा कविता प्रकाशित गरेर मातृभाषाको महत्त्व पाठकवर्ग समक्ष राखेर **नेपाली साहित्य सम्मेलन**-को स्थापना र **दियालो** प्रकाशनको उद्देश्यलाई व्यावहारिकता दिनसकेका थिए। **दियालो**को हाँगो ३-मा प्रकाशित 'नहेर आज मलाई' शीर्षक कवितामा कविको छद्म नाम 'प्रदीप' छ। पछि सन् १९७६ मा सम्मेलनबाटै प्रकाशित **'नहेर आज मलाई'**

कविता सङ्ग्रहमा यस कवितालाई कवि स्वयम्ले केही शब्दहरू यताउता पारेर प्रकाशित गरेका छन्। यसप्रकारले हाँगो ८६ सम्मका विभिन्न हाँगोमा तुलसी 'अपतन'-ले लगभग १९ वटा कविताहरू प्रकाशित गरको र कविआफू नेपाली साहित्यको सेवामा दत्तचित्त भएर लागेको देखिन्छ। कविका यी कविताहरू विविध भाव-विषयका रहेका छन् तापनि ती कविताहरूमा मानवोपयोगी सुधारात्मक विचार, भाषाप्रेम, मानवीयमूल्यबोधको स्थापना आदिले प्राथमिकता पाएको छ। समयसँगै र अनुभवसँगै वयस्कता प्राप्त गर्ने कवि तुलसी 'अपतन' आधुनिक प्रवृत्तिहरू अँगालेर कविता रचना गरी कविताहरूलाई बढ़ी सजीव बनाउन पनि प्रयत्नशील रहेका देखिन्छन्।

यसबाहेक कविवर रवीन्द्रनाथ ठाकुरका फुटकर कविताहरूको अनुवाद पनि तुलसी 'अपतन'-ले **दियालो**का विभिन्न हाँगामा प्रकाशित गरेर कविको धर्मनिर्वाहको अर्को पक्षलाई प्रज्वलित पारेका छन। **दियालो**को हाँगो २८ मा 'डा॰ सुनीतिकुमार', हाँगो ३६ मा 'सृजनात्मक मथिङ्गल' हाँगो ८७ मा 'हिजो र आज' अनि हाँगो ९०, ९१, ९३ मा 'कवि धरणीधर: एक संस्मरण' जस्ता गहन लेखहरू प्रकाशित गरेका छन्।

तुलनात्मक दृष्टिकोणले हेर्दा **दियालो**का ९९ अङ्कसम्म सबैभन्दा थोरै एकाङ्कीहरू प्रकाशित भएका देखिन्छन्। **दियालो**का ९९ अङ्कसम्म जम्मा पन्ध्र जनाले एकाङ्की लेखनमा कलम चलाएको देख्न पाइन्छ। ती पन्ध्र जना एकाङ्कीकारहरूमध्ये एकजना हुन् तुलसीबहादुर छेत्री। तुलसीबहादुरका जम्मा दुइवटा एकाङ्की **दियालो**मा प्रकाशित हुन सकेका देखिन्छन्। उनको 'चिन्नु न जान्नु' **दियालो**को हाँगो ३, अङ्क...., मा र 'एक टुक्रा नीलो आकाश' हाँगो ८४ मा प्रकाशित छ। यी दुवै एकाङ्कीमा नेपाली जातिको संस्कृति र मानवीय मूल्यबोधको चित्रात्मक प्रदर्शन हुन सकेको पाइन्छ। यतिमात्र होइन तलसी 'अपतन'-ले मधुमास छद्म नाममा **दियालो**को वर्ष ९, हाँगो २३ सन् १९६८ देखि क्रमागत रूपमा 'बाबरी' शीर्षकमा उपन्यास रचना गरेर प्रकाशित गर्ने गरेको देखिन्छ। उनको यो उपन्यास **दियालो**को हाँगो २६ सम्म प्रकाहशत हुँदैआएको देखिन्छ; तर यो पूर्ण हुन सकेन र अधूरै रहेको बोध हुन्छ।

मधुमासबारे उनले के स्पष्टीकरण दिएका छन् भने-'बाबरी' उपन्यासले नेपाली साहित्यको बाटिकामा मधुमास ल्याउन सक्छ भन्ने विचार गरेर उनले आफ्नो छद्मनाम 'मधुमास' राखेका हुन्।[७३] तर उनको 'बाबरी' पूर्ण हुन सकेन, अधूरै रह्यो। यसरी दार्जीलिङ आएपछि तुलसी 'अपतन' **नेपाली साहित्य सम्मेलन**लाई आफ्नो साहित्य सिर्जनाको मूल स्थल बनाएर साहित्य सिर्जनामा संलग्न-सक्रिय रहेका थिए र उनी बिस्तारै नेपाली जगतमा परिचित र प्रसिद्ध हुँदै पनि गएका थिए भन्न सकिन्छ।

(आ) सम्पादकका रूपमा

कुनै पनि पत्रपत्रिकाको आत्मा त्यसले लेख्ने गरेको सम्पादकीय बोली नै हो। पत्रिकाको सम्पादकीय

---

७३. सम्पादकगण, केदार गुरूङ र उपमान बस्नेत, 'डा॰ तुलसी बहादुर छेत्रीज्यूसित स्रष्टा परिवारको भेटघाट' **स्रष्टा** वर्ष १० अङ्क २५, पश्चिम सिक्किम साहित्य प्रकाशन, सन् १९८९, पृष्ठ १७७.

एक प्रकारले त्यसभित्र छिर्ने मूलढोका पनि हो। सम्पादकीयबाट धेरै कुरो जान्न बुझ्न र सिक्न सकिन्छ। सम्पादकीयबाट नै त्यस पत्रिकाको प्रकाशनको उद्देश्य, लक्ष्य र आशयसमेत स्पष्ट बुझ्न सकिन्छ। सम्पादकीयबाटै पत्रिकाको गहनता र महत्ता पनि बुझ्न सकिन्छ।

नेपाली साहित्य सम्मेलनको सदस्यता लिएको केही वर्षपछि सन् १९५९ तिरै तुलसी 'अपतन'-ले **दियालो** पत्रिकाको सम्पादकको उत्तरदायित्व ग्रहण गरेका थिए। उनले सन् १९५९ देखि सन् १९८३ (हाँगो १ देखि हाँगो ८३) सम्मै सम्पादकको भार सम्हाल्दै आएको पाइन्छ। सन् १९५९ देखि प्रकाशनमा आएको **दियालो**, वर्ष ६, हाँगो २१ पछि तीन वर्षसम्म बन्द भएको थियो। तुलसी 'अपतन' सम्मेलनका सभापति र **दियालो**का सम्पादक रहेका हुनाले उनको आफ्नो र अन्य सदस्यहरूको प्रयासमा तीन वर्षपछि जुलाई १९६८ देखि (वर्ष ९, हाँगो २२) को रूपमा **दियालो**-को पुन: प्रकाशन शुरू हुनसकेको थियो। कवि तुलसी 'अपतन'-ले दियालो पत्रिकाको माध्यमद्वारा साहित्यलाई विकसित र संरक्षित तुल्याउने प्रयास गरेको पाइन्छ।

पहाड, खाल्डो, समतल थलमा बाली ज्योति उज्यालो।
मग-मग सुवास वरि-परि हेर्दै देखा पर्‍यो 'दियालो'॥

भन्दै प्रकाशित हुने **दियालो** वर्ष १०, हाँगो २६ जुलाई १९६९ **भानु विशेषाङ्क**- देखि द्वैमासिक भएर निस्कन सके थियो। हाँगो २५ मा यो द्वैमासिक हुने सूचना साथै यसलाई मासिक बनाउनुपर्ने पाठकहरूको माग रहेको पाइन्छ। यसबाट तुलसी 'अपतन'-को नेतृत्वमा यसको सम्पादन कार्य प्रशंसित रहेको बोध हुनछ। सन् १९७७ देखि उत्तर बंग विश्वविद्यालयको नवसञ्चालित नेपाली विभागको अध्यक्षको अभिभारा लिनुपुगे तापनि सन् १९८३ सम्म तुलसी 'अपतन'-ले **दियालो**-को सम्पादन कार्य गरेको देखिन्छ। यसरी दियालोलाई नयाँ गति दिने काममा पनि तुलसी बहादुर छेत्रीको संलग्नता, सक्रियता उल्लेखनीय देखिन्छ।

(इ) सभापतिका रूपमा

सन् १९५४ मा नेपाली साहित्य सम्मेलनका संस्थापक सदस्यद्वय पं० धरणीधर शर्मा अनि सूर्यविक्रम ज्ञवाली दार्जीलिङबाट काठमाडौं फर्कनुभयो। अर्का संस्थापक सदस्य पारसमणि प्रधानले सरकारी नियमानुसार सम्मेलनको सचिव पदबाट राजीनामा लिनुपर्‍यो। फलत: सम्मेलन अघि झैं सुचारू रूपले सक्रिय रहन सकेन, संस्थाको यस्तो अवस्था देखेर सन् १९५९ मा काठमाडौंबाट दार्जीलिङ फर्केर आएको पं० धरणीधर शर्माले सभाहरू डाकेर २५ जनाको सञ्चालन समिति पुनर्गठन गरेका थिए र सभापति स्वयं पं० धरणीधर शर्मा अनि उपसभापतिद्वय सर्वश्री तुलसी 'अपतन' र श्री मणिनारायण प्रधान मनोनित भएका थिए। तर सन्

१९५९ को अन्ततिर पण्डितजी पुन: नेपाल फर्कँदा सभापतिको भार तुलसी 'अपतन'-माथि नै आइपर्‍यो र तुलसी 'अपतन'-कै सभापतित्वकालमा सर्वप्रथम **दियालो** त्रयमासिक पत्रिकाको प्रकाशन शुरू हुनसकेको थियो।

दियालो (वाङ्मय विशेषाङ्क), वर्ष २२ हाँगो १००, फागुन २०४०, फरवरी १९८४ मा **नेपाली साहित्य सम्मेलनका विगतका सभापतिहरू**-को फिरिस्तमा डा॰ तुलसी बहादुर छेत्री: ७ मई १९६७-४ जून १९७८' भनेर दिइएको तथ्य भूल प्रमाणित हुन्छ उक्त ऐतिहासिक तथ्यको आधारमा।

यसबाहेक यो पुनर्गठित सञ्चालन समितिको मंत्रीको भार ग्रहण गर्ने सज्जन श्री लालध्वज देवसा पनि १९६० मा दार्जीलिङ छोड़ी जानुपरेकोले मूल मंत्रीको भार पनि फेरि तुलसी 'अपतन'-माथि नै आइपरेको थियो। मंत्री भानुभक्त कुमाई थिए। यी महानुभावहरूको प्रयासमा सम्मेलनको कार्यलाई निरन्तरता दिने काम भयो। दुर्भाग्यवश मंत्री श्री कुमाईको सन् १९६६ मा आकस्मिक मृत्यु भएकोले फेरि केही महिना सम्मेलन निष्क्रिय रह्यो। अन्तमा १९६७ को जुलाई महिनामा श्री गणेशलाल सुब्बा, श्री तुलसी 'अपतन', श्री विष्णुराम राई औ श्री जगत छेत्रीले सम्मेलन कार्यालय-ढोकाको ताला तोड़ी सम्मेलनलाई पुन: सञ्चालन गराए। एउटा सभा तुरन्तै बोलाई एउटा अस्थायी कार्य सञ्चालन समिति गठन गरियो औ श्री तुलसी 'अपतन' लाई नै सभापति राखी मंत्रीको भार संयुक्त रूपमा श्री विष्णुराम राई र श्री जगत छेत्रीलाई दिइयो। यस तदर्थ समितिले सन् १९६७ को अन्ततिर एउटा साधारण सभा बोलाई नियमित कार्य-सञ्चालन समिति गठन गर्‍यो। यसमा सभापति श्री तुलसी 'अपतन' नै चुनिए। यसरी सम्मेलनको मुख-पत्र **दियालो** सन् १९६८ देखि पुन: प्रकाशित हुनसकेको थियो।[७४]

यसप्रकार आफ्नो कर्तव्य, दृढ़ता, निस्वार्थता, लक्ष्यमुखी विचारधाराका धनी अनि कर्मनिष्ठताको भरमा बारबार सम्मेलनको सभापति जस्ता उत्तरदायित्वपूर्ण पदाधिकारीका रूपमा चुनिइने तुलसी 'अपतन'-ले सम्पादकमण्डलीको नेतृत्व दिने अभिभारा पनि लिएकालै **दियालो**लाई त्रयमासिकदेखि द्वयमासिक बनाउने काम हुनसकेको थियो र पछि १९७० देखि **दियालो** मासिक हुनसक्यो। यसै अवधिका प्रकाशन क्षेत्रका कार्यहरूमध्ये **नेपाली वीरहरू**को पाँचौं संस्करण औ **कथा कुसुम**को सातौं संस्करणको प्रकाशन पनि उल्लेखनीय छ।

सन् १९७२ मा आयोजित सम्मेलनको वार्षिक साधारण सभामा फेरि पनि तुलसी 'अपतन'-लाई नै सभापतिको अभिभारा सुम्पियो। उनको यसपालाको कार्यावधिका विशेष कामहरू मध्ये श्री सूर्यविक्रम ज्ञवालीको **नेपाली भाषाका विकासको संक्षिप्त इतिहास**-को नयाँ संस्करण उल्लेखनीय देखिन्छ। सम्मेलनको

---

७४. जगत छेत्री, **पूर्ववत्**, पृष्ठ २४.

कार्यभार बढ़ेको हुनाले यसलाई सुव्यवस्थित ढंगमा संचालन गर्न सम्मेलनका सदस्य संख्या वृद्धि गर्ने काम पनि भयो। औपचारिक गोष्ठी आयोजनाको क्रम थालियो। नेपाली भाषालाई संविधानको आठौं अनुसूचीमा अन्तर्भुक्त गर्ने माग लिएर ५० को दशकमा देहरादूनबाट आनन्दसिंह ठकुरीले उठाएको आवाजलाई बुलन्द गर्ने सम्मेलनको क्रम पनि यसैताक सम्मेलनको कार्यसूचीमा अन्तर्भुक्त गरियो। यो कार्यको प्रथम उल्लेखनीय पाइलोका रूपमा सम्मेलनका प्रतिनिधिद्वय श्रीमती लक्खीदेवी सुन्दास र श्री जगत छेत्रीलाई शिष्टमण्डलीको सदस्यको रूपमा प्रधान मंत्रीसँग वार्ताको निम्ति दिल्ली पठाइयो भने सन् १९७३ मा यसको निम्ति जगत छेत्री र तुलसी 'अपतन' दिल्ली गए, सम्मेलनको प्रतिनिधित्व गरेर।

सन् १९७३ को सभाले पनि तुलसी 'अपतन'-लाई नै फेरि सम्मेलनको सभापति मनोनित गऱ्यो। उनको यस कार्यकालमा भएको ऐतिहासिक घटना हो सम्मेलनको स्वर्ण जयन्ती समारोह। श्री पारसमणि प्रधानले अध्यक्षता गर्नुभएको २४ मई १९७४ को स्वर्ण जयन्ती उद्घाटन समारोहमा पश्चिम बंगालका तत्कालीन राज्यपाल ए० एल० डायसले सम्मेलनलाई अनुदानस्वरूप रु० ५०००/- दिने, सम्मेलनको मागअनुसार सम्मेलन भवन निर्माणार्थ जमीन उपलब्ध गराउने साथै उत्तर बंगाल विश्वविद्यालयमा नेपालीमा स्नातकोत्तर स्तरमा पठन-पाठन शुरू गर्ने जस्ता उल्लेखनीय विषयहरूको घोषणा गरेका थिए। राज्यपालका घोषणाहरूले व्यावहारिक रूप लिएर नेपाली समाजलाई नयाँ गति दिएको छ भन्न सकिन्छ।

१९७६ सालको साधारण सभाले पनि तुलसी 'अपतन'-लाई सम्मेलनको सभापति चुन्यो। यसरी यसरी सबभन्दा लामो अवधि (१९५९ देखि ४ जून १९७८ सम्म) सम्मेलनको सभापतित्वको पदभार सम्हालेर तुलसी 'अपतन'-ले सम्मेलनलाई सुचारू रूपले सञ्चालन गर्न सकेको र उत्तराधिकारीहरूलाई एउटा उर्वर क्षेत्र तयार गरिदिएको देख्न पाइन्छ। नेपाली साहित्य सम्मेलनको उद्देश्यहरूलाई व्यावहारिकता दिन आफूलाई तत्पर राख्ने तुलसी 'अपतन'-को सम्मेलनसँगको यस्तो उदाहरणीय सम्बन्धले नेपाली भाषा-साहित्य र समाज लाभान्वित हुनसकेको पाइन्छ। यसैले सन् २००३ मा नेपाली साहित्य सम्मेलनले तुलसी 'अपतन्'-लाई **'सम्मेलन पुरस्कार'** प्रदान गरेर सम्मान गरेको छ।

३.४ निष्कर्ष:

नेपाली साहित्यको विकासमा तुलसी 'अपतन'-ले गरेका साङ्गठनिक कार्यहरूको अध्ययन गर्दा प्राप्त निष्कर्षको सङ्क्षेपीकृत बुँदाहरूलाई रूपमा यसरी राख्न सकिन्छ:

(क) **'अपतन साहित्य परिषद'**-को पृष्ठभूमि केलाउँदा पाइएका तथ्य अनुसार 'अपतन' कालसम्म

सिक्किममा जहानियाँ शासन तथा सामन्ती प्रथा रहेको पाइन्छ। ईशाको चौधौं-पन्ध्रौं शताब्दीतिरबाटै सिक्किममा भोटे, लाप्चे र नेपालीहरू बासेबासो गर्दै आएको प्रमाण पाइन्छ। तिनताक काजी र ठेकेदारहरू नेपाली भाषाको विरोधी रहे तापनि रश्मिप्रसाद आलेको नेतृत्वमा सिक्किममा सन् १९२३ देखि नै नेपाली भाषाको प्रयोग-प्रचलन बढ्दै गएको थियो। रश्मिप्रसाद आलेकै सक्रियतामा नेपाली भाषाको पठन-पाठनले प्रश्रय पाउन केको थियो। काजी फाकछिरिङको सक्रियतामा सिक्किमका विभिन्न प्रान्तमा मिडल स्कूलहरू स्थापित भएपछि नेपाली भाषाको प्रचारले गति लिन सकेको थियो।

(ख) **अपतन साहित्य परिषद** स्थापना हुनभन्दा पहिले सिक्किममा एकाध लेखक कविहरूका एकाध रचनाहरू प्रकाशित भएका देखिए तापनि **अपतन साहित्य परिषदको** स्थापनापछि मात्र साङ्गठनिक रूपमा नेपाली साहित्यको प्रचार-प्रसार, विकास सम्भव भएको बोध हुन सकेको र पुस्तकहरूको प्रकाशनमा गति आउन सकेको पाइन्छ।

(ग) तत्कालीन सिक्किमको राजनैतिक स्थिति प्रतिकूल हुँदाहुँदै पनि सर टासी नामग्याल हाईस्कूलका शिक्षकहरू अगमसिंह तामाङ, पदमसिंह सुब्बा, तुलसी बहादुर छेत्री अनि निमा वाङदी तारगेनको सक्रियतामा नेपाली भाषा-साहित्यलाई विकसित तुल्याउने उद्देश्यले सिक्किममा प्रथम साहित्यिक संस्थाको रूपमा **'अपतन साहित्य परिषद'** गठित भएको पाइन्छ। १५ अप्रेल १९४७ को दिन गोप्य रूपमा गठित अनि त्यही वर्षको सेप्टेम्बर महिनामा सार्वजनिक गरिएको यस संस्थाको नामकरण उक्त महानुभावहरूका नामको प्रथम अक्षरलाई लिएर राखिएको पाइन्छ। सिक्किममा नेपाली भाषा-साहित्यको प्रचार-प्रसार, विकास, संरक्षण र सम्वर्द्धनका साथै नेपाली जातिको अस्मिता र अस्तित्व रक्षा पनि यसको उद्देश्य रहेको पाइन्छ।

(घ) **'अपतन साहित्य परिषद'**-को उद्देश्य र नियमावलीद्वारा प्रभावित भएर यसको सदस्य संख्यामा क्रमश: वृद्धि हुँदैगएको थियो। प्रत्येक शनिबार परिषदका सदस्यहरू भेला हुने अनि केंही न केही लेखेर पठन गर्नुपर्ने नियम थियो अनि यसरी पाठ गरिएकोकविता रचनाहरू साफी गरेर **अमूल्य रत्न** र **फूलबारी** नामक दुई कापीमा सारेर राख्ने गर्ने प्रथाले पछि तिनीहरूलाई प्रकाशमा ल्याउन पनि सुविधा भएको थियो र यसबाट रचना कार्यमा नयाँ जोश पल्हाउन सकेको अनुमान गर्न सकिन्छ।

(ङ) अरू कार्यहरू लगायत कवि तुलसी 'अपतन'-को सम्पादनमा सन १९४८-४९ मा **अमूल्य रत्न** हस्तलिखित पत्रिका, **इन्द्रकील पुष्पाञ्जलि** (कविता सङ्ग्रह, १९५०), **कमल** (नाटक, १९५३) **अपतन साहित्य परिषदबाट** प्रकाशित हुनसकेका थिए। कवि तुलसीले आफ्नो **बापू बन्दना** (खण्डकाव्य), चाहिँ आफ्नै प्रकाशनमा सन् १९५२ प्रकाशित गरेका थिए। सन् १९५५ सम्म **अपतन साहित्य परिषदको**

माध्यमद्वारा नेपाली भाषा र साहित्यको सेवा गरेर तुलसी 'अपतन'-ले एक दृष्टान्त प्रस्तुत गर्नसकेको पाइन्छ। सिक्किममा आज नेपाली भाषा र साहित्यको जुन विकसित रूप छ त्यसको बढ़ी श्रेय तुलसी 'अपतन'-लाई छ भन्ने धेरैको मत यस सन्दर्भमा उल्लेख्य छ भन्न सकिन्छ।

(च) नेपाली साहित्य सम्मेलनको पृष्ठभूमि अध्ययन गर्दा दार्जीलिङमा नेपाली भाषाको प्रयोग-प्रचलन ईशाको उन्नाइसौं शताब्दीको पूर्वार्द्धदेखि नै हुँदैआएको प्रमाण पाइन्छ। मिशनेरी फादरहरूले मिशन स्कूलहरूमा नेपाली भाषाको पठन शुरू गरे तापनि राज्य सरकारको विज्ञप्ति अनुसार सन् १९१९ देखि उच्च शिक्षामा पनि नेपाली भाषा साहित्यको पठन-पाठन शुरू हुनसकेको देखिन्छ।

(छ) नेपाली साहित्यको प्रचार-प्रसार तथा उन्नति र संरक्षण गर्ने जस्ता उद्देश्यहरू लिएर गठित नेपाली साहित्य सम्मेलनको सभापति एवम् सम्मेलनको मुखपत्र **दियालो**को सम्पादकको पदमा रहेर कवि तुलसी 'अपतन'-ले **दियालो**लाई त्रैमासिकबाट द्विमासिक रूपमा प्रकाशित गर्ने तथा सम्मेलनबाट वरिष्ठ प्रतिभाहरूका वरिष्ठ कृहिरू पनि प्रकाशित गर्ने जस्ता उल्लेखनीय काम गरेका छन्।

●